सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१२ माघ २०८०, शुक्रबार (26 Jan 2024, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २७७ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

सुनील र विकलको सिंगापुरको बैंक खातामा अमेरिकाबाट पैसा जम्मा

कमिसनको रकम जम्मा भएको आशंका, एउटै कम्पनीबाट दुवैको खातामा कारोबार



नयाँ पत्रिका

सूचना प्रविधिको ठेक्कामा शृंखलाबद्ध भ्रष्टाचारको अभियोग खेपिरहेका सुनील पौडेल र विकल पौडेलले सरकारी पदमै रहँदा सिंगापुरको युनाइटेड ओभरसिज बैंकमा खाता खोली शंकास्पद कारोबार गरेको फेला परेको छ। दुवैले अमेरिका र सिंगापुरका कम्पनीबाट रेमिट्यान्सका रूपमा शंकास्पद कारोबार गरेका हुन्।

सात दिन थुनामा राखेर अनुसन्धान गर्न अदालतको अनुमति

उक्त पैसा भ्रष्टाचारसम्बन्धी लेनदेन भएको आशंका गरिएको छ। दुवैलाई अकुत सम्पत्ति आर्जनसम्बन्धी मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार पत्राउ गरी थुनामा राखेर अनुसन्धान गरिरहेको छ।

सुनीलको ३८०-९४८३१०८ नम्बरको खातामा २ जनवरी २०२२ मा ५८ हजार अमेरिकी डलर जम्मा भएको छ। जुन सिंगापुरकै ब्यानकोटेक नामक कम्पनीले स्ट्यान्डर्ड चार्टर्ड बैंक हुँदै उनको खातामा जम्मा गरेको छ। त्यस्तै, ६ डिसेम्बर २०२१ मा अमेरिकाको इन्स्टासेफ नामक कम्पनीले बैंक अफ अमेरिका हुँदै उनको खातामा ७७ हजार पाँच सय ४५ अमेरिकी डलर जम्मा गरेको छ। २ अगस्ट २०२१ मा अमेरिकाको इन्स्टासेफबाटै २४ हजार

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभामा बदलियो शक्ति सन्तुलन

राष्ट्रिय सभामा प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व र समावेशी चरित्र छ। तर, दलहरूले शक्ति मानकको थलो बनाउँदा विज्ञहरू भने यसपटक पनि अटेनन्।

राष्ट्रिय सभामा
अबको तस्बिर

माओवादी : १८
कांग्रेस : १६
एमाले : १०
एकीकृत समाजवादी : ८
जसपा : ३
लोसपा : १
जनमोर्चा : १

राष्ट्रपतिबाट मनोनीत वामदेव गौतम स्वतन्त्र सांसदको हैसियतमा छन्। राष्ट्रपतिबाट एक सिट मनोनीत हुन बाँकी छ।

विराटनगरमा **चिरञ्जीवी घिमिरे**, **गणेश लम्साल**, जनकपुरधाममा **हदिश खुद्दार**, हेटौंडामा **पोष्टराज अधिकारी**, पोखरामा **रोहितराज पराजुली**, बुटवलमा **विष्णु घिमिरे**, सुर्खेतमा **रमेश रावल** र धनगढीमा **तेजराज भट्ट**

१९ सिटका लागि बिहीबार भएको निर्वाचन परिणामले राष्ट्रिय सभाको शक्ति सन्तुलनमा व्यापक हेरफेर भएको छ। प्रतिनिधिसभामा तेस्रो शक्ति माओवादी राष्ट्रिय सभामा पहिलो दल बनेको छ। संसद्को पहिलो ठूलो दल कांग्रेस दोस्रो र एमाले तेस्रो भएका छन्।

हाल राष्ट्रिय सभामा एमालेका १८, माओवादी १६, कांग्रेस १०, एकीकृत समाजवादी आठ, जसपा तीन, स्वतन्त्र दुई, लोसपा र जनमोर्चाका एक-एकजना

» पृष्ठ २ मा क्रमशः

■ गठबन्धन १८ र एमाले १ सिटमा विजयी

कोशी

रुकमिणी कोइराला (एमाले)

कृष्ण सिटौला (कांग्रेस)

मधेश

पूजा चौधरी (जसपा)

आनन्दप्रसाद ढुंगाना (कांग्रेस)

बागमती

विष्णुदेवी पुडासैनी (कांग्रेस)

जितजंग बस्नेत (कांग्रेस)

श्रीकृष्ण अधिकारी (माओवादी)

घनश्याम रिजाल (ए. समाजवादी)

गण्डकी

मनरूपा शर्मा सुवेदी (माओवादी)

किरणबाबु श्रेष्ठ (कांग्रेस)

पदमबहादुर परियार (कांग्रेस)

लुम्बिनी

विष्णुकुमारी सापकोटा (कांग्रेस)

झक्कुप्रसाद सुवेदी (माओवादी)

कर्णाली

सावित्री मल्ल (ए.समाजवादी)

कृष्णबहादुर रोकाया (कांग्रेस)

विष्णु विक (माओवादी)

सुदूरपश्चिम

रेणु चन्द (माओवादी)

बलदेव बोहरा (कांग्रेस)

नारायणदत्त भट्ट (कांग्रेस)

■ आयोगका अनुसार बिहीबार सम्पन्न निर्वाचनमा ९९.३२% मत खस्यो

■ गठबन्धनलाई चकित पार्दै कोशीमा एमालेकी रुकमिणी कोइराला ९४ मतभारले विजयी, माओवादीलाई दोस्रोपटक 'धोका'

■ तीन स्वतन्त्र मेयर काठमाडौंका बालेन साह, धरानका हर्क राई र धनगढीका गोपाल हमाल मतदान गर्न गएनन्

■ शक्तिमा फर्किए सिटौला

शान्ति प्रक्रियाको सुरुवाती दिनमा समन्वयकारी भूमिका खेलेका सिटौलाले पुनः शान्ति प्रक्रिया टुंग्याउने एक पात्रको जिम्मेवारी पाउँदै छन्

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

गृहमन्त्री रहेकै वेला ०६३ असारमा माओवादी अध्यक्ष प्रचण्ड र अर्का नेता डा. बाबुराम भट्टराईलाई कास्कीको सिक्लेसबाट हेलिकोप्टर चढाएर काठमाडौं ल्याउने कांग्रेस नेता कृष्णप्रसाद सिटौला शान्ति प्रक्रियाका एक प्रमुख पात्र हुन्। शान्ति प्रक्रियाको सुरुवाती दिनमा समन्वयकारी भूमिका खेलेका सिटौलालाई संयोगले पुनः शान्ति प्रक्रिया टुंग्याउने एक पात्रको जिम्मेवारीमा फर्काएको छ।

बिहीबार उनी राष्ट्रिय सभा सदस्यमा निर्वाचित भएका छन् र सम्भवतः उनले यो सभाको नेतृत्व गर्ने मौका पाउँदै छन्। सत्य निरूपण तथा मेलमिलापसम्बन्धी विधेयक सदनमा विचाराधीन छ। यदि सिटौला राष्ट्रिय सभा अध्यक्ष भए भने

» पृष्ठ २ मा क्रमशः

अब उहाँको भूमिका राष्ट्रिय सभा अध्यक्षकै हो



● **विश्वप्रकाश शर्मा**
महामन्त्री, कांग्रेस

कोशीमा एक सिटबाहेक सबैमा गठबन्धनकै पक्षमा परिणाम आएको छ। अब उहाँ(सिटौला)को भूमिका राष्ट्रिय सभा अध्यक्षकै हो। उहाँलाई पार्टी र गठबन्धनमा सल्लाह सहमतिअनुसार उम्मेदवार बनाइएको हो। उहाँलाई राष्ट्रिय सभा अध्यक्ष बनाउन गठबन्धनमा पूर्वसहमति भएको हो। अन्य भूमिकाको विषय छैन। यसमा कुनै आशंका गर्न जरुरी छैन।

कस्तुरीको बिना तस्करीमा संलग्न कोरियन नागरिकलाई जरिवानामै 'उन्मुक्ति'



दोषी ठहरसमेत भएकालाई जरिवानाको मात्र फैसला भएपछि अनुसन्धान अधिकारीहरू असन्तुष्ट

(विस्तृत पृष्ठ ३)

स्वास्थ्यकर्मी पलायनमाथि प्रश्न



अग्रलेख

नयाँ पुस्ताका विशेषज्ञलाई योग्यताअनुसार रोग निदानदेखि विभिन्न उपचार सेवामा उच्च मनोबलसाथ संलग्न हुने वातावरण सिर्जना गर्न सके पलायनमा कमी आउन सक्छ

● **प्राडा द्वण्डीराज पौडेल**

(विस्तृत पृष्ठ ४)

अनौपचारिक अर्थतन्त्रको आकार ४१.३१ प्रतिशत

घरजग्गामा ९९.९७ प्रतिशत र कृषिमा ९६.४८ प्रतिशत अनौपचारिक अर्थतन्त्र

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्ठमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

■ मधेशमा साइकल खरिद भ्रष्टाचार प्रकरण

तत्कालीन प्रदेश सचिव भुसाल र सिँचाइ कार्यालय प्रमुख भा दोषी ठहर

शिल्पा कर्ण/नयाँ पत्रिका

मधेशमा साइकल खरिद भ्रष्टाचार प्रकरणमा विशेष अदालतले तत्कालीन प्रदेश सचिव यामप्रसाद भुसाल र सिँचाइ कार्यालय प्रमुख भगवान झालाई दोषी ठहर गरेको छ। दुवैलाई तीन-तीन महिना कैद तथा १०-१० हजार रुपैयाँ जरिवानाको फैसला भएको हो।

विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले यस्तो फैसला गरेको अदालतका उपरजिस्ट्रार धनबहादुर कार्कीले बताए। ८ माघदेखि उक्त मुद्दामा लगातार सुनुवाइ हुँदै आएको थियो। चौथो दिन सुनुवाइ सकिएपछि फैसला गरेको हो।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले 'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमअन्तर्गत ०७७ मा कम्पनी नै नखुलाई खरिद गरेको थियो ११ करोडका १७ हजार साइकल

'मुख्यमन्त्री बेटी पढाऊ, बेटी बचाऊ' कार्यक्रमअन्तर्गत मधेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले ०७७ मा साइकल खरिद गर्दा अनियमितता भएको थियो। त्यतिवेला भा मन्त्रिपरिषद् कार्यालयको खरिदविज्ञ थिए। कम्पनी नै नखुलाई ११ करोडका १७ हजार साइकल किनिएको विषयमा नयाँ पत्रिकाले पहिलोपटक १४ असोज ०७८ मा समाचार प्रकाशित गरेको थियो। त्यसयता यस विषयमा निरन्तर फलोअप गर्दै आएको थियो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरी १८ साउन ०७९ मा दुईवटा मुद्दा चलाएको थियो। जसमध्ये एउटामा आंशिक ठहर र अर्कोमा सफाइ

» पृष्ठ २ मा क्रमशः

मुगुको पुरुमुरू गाउँमा भाइरल ज्वरोले तीनजनाको मृत्यु

मुगुमा **अच्युतराज भण्डारी**
जुम्लामा **मानदत्त रावल**

मुगुको सोरू गाउँपालिका- ६ पुरुमुरू गाउँमा भाइरल ज्वरोका कारण एक साताभै तीनजनाको मृत्यु भएको छ। पुरुमुरू गाउँका ७२ वर्षीय हरिबहादुर शाही, ७५ वर्षीया कृति छन्त्याल र २४ वर्षीया कुसुम ढोलीको ज्यान गएको हो।

कुसुमका ससुरा सलबहादुर ढोलीका अनुसार सुरुमा रुघाखोकीले च्यापेपछि मेडिकलबाट औषधि खुवाइएको थियो। तर, रुघाखोकी र ज्वरो निको

» पृष्ठ २ मा क्रमशः

अवस्य पाल्नुहोला
कृषि सम्बन्धि बृहत अन्तर्राष्ट्रिय प्रदर्शनी
6th NEPAL AGRITECH INTERNATIONAL EXPO
१२ १३ १४ माघ २०८० भृकुटी मण्डप काठमाडौं
१० भन्दा बढी राष्ट्रबाट १५० भन्दा बढी संघ संस्था र हजारौं कृषक तथा कृषि व्यावसायीहरु सहभागी हुने ।
Concurrent Events
NEPAL DAIRYTECH · NEPAL POULTRY · NEPAL RICE & GRAINTECH · NEPAL FARM MACHINERY EXPO · FOOD & BEVERAGE · NEPAL AQUATECH
आज देखी सुरु | निःशुल्क प्रवेश
प्रवर्द्धक: नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना परियोजना व्यवस्थापन ईकाई
भारतीय पवेलियन: DEPARTMENT OF COMMERCE MINISTRY OF COMMERCE AND INDUSTRY GOVERNMENT OF INDIA · ASSOCHAM
कृषि साझेदार: मुक्तिनाथ कृषि कम्पनी लि. MUKTINATH KRISHI COMPANY LTD.
सहयोगी संस्थाहरु: नेपाल नगरपालिका संघ · गाउँपालिका राष्ट्रिय महासंघ नेपाल · नेपाल दक्षिण सहकारी कोऽपरेटिभ संघ लि. · राष्ट्रिय कृषक समूह महासंघ नेपाल
आयोजक: mediaspace · Futurex
थप जानकारीका लागि: ९८०११७०११४१, ९८०१२९००९६६

रुसबाट ४५ जना स्वदेश फर्किए

आफन्त फर्काउन माग गर्दै १५० निवेदन, रुसमा ज्यान गुमाएका १० जनाको शव ल्याउन नेपालले पहल गरे पनि तत्काल देखिएन सम्भव

पर्शुराम काफ्ले/नयाँ पत्रिका

युक्रेनसँगको युद्धका कारण बढ्दो तनावपछि रोजगारीका लागि रुसमा पुगेका ४५ जना नेपाली नागरिक स्वदेश फर्केका छन्। मस्कोस्थित नेपाली राजदूतावासको समन्वयमा उनीहरू विभिन्न मितिमा स्वदेश फर्केका हुन्।

मस्कोस्थित नेपाली राजदूतावासले पछिल्लोपटक रोजगारीका क्रममा पुगेका ४५ जना नेपाली नागरिकलाई स्वदेश फिर्ताका लागि समन्वय गरेको छ। 'पासपोर्ट दलालको कब्जामा रहेका नेपालीहरू पनि समन्वयका लागि आएका थिए। उनीहरूलाई आवश्यक ट्राभल डकुमेन्ट बनाएर पनि दूतावासले स्वदेश फर्कन

» पृष्ठ २ मा क्रमशः



निवेदन अझै पनि आइरहेका छन्

● **प्रकाशमणि पौडेल,**
महानिर्देशक, कन्सुलर सेवा विभाग



रुसमा रहेका आफन्तलाई स्वदेश फिर्ताका लागि आग्रह गर्दै परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागमा हालसम्म परिवारजनका १५० जनाले निवेदन दिएका छन्। अहिले पनि रुसमा रहेका आफन्तजनले स्वदेश फिर्ता गराइदिन निवेदन दिने क्रम रोकिएको छैन। रुसबाट नेपाली राजदूतावासको समन्वयमा नेपालीहरू स्वदेश पनि आइरहेका छन्।

माउन्टेन इनर्जी नेपाल लि.
Mountain Energy Nepal Ltd.

पोष्ट बक्स नं. २१७२९, वडा नं. ३०, डिल्लीबजार, काठमाण्डौ, नेपाल । फोन नं : ०१-४५३७७०५
फ्याक्स नं. ०१-४५३०५६२ I E-mail: info@mountainenergy.com.np | URL: www.mountainenergy.com.np

Statement of Financial Position as on 29th Poush, 2080

Particulars	As at 29th Poush, 2080 (Unaudited)	As at 30th Ashwin, 2080 (Previous Quarter) (Restated After Audit)	As at 30th Poush, 2079 (Previous year)
ASSETS			
Non-current assets			
Property, plant and equipment	28,615,443	28,580,328	29,905,397
Intangible assets	5,900,643,418	5,965,232,637	6,059,744,551
Intangible assets under development	75,490,204	75,092,704	71,748,942
Goodwill (arising on acquisition of Aadhishakti)	14,367,976	14,525,290	14,997,231
Deferred tax assets	2,811,393	2,807,641	121,211
Total non-current assets	**6,021,928,434**	**6,086,238,600**	**6,176,517,332**
Current assets			
Trade and other receivables	760,521,826	839,077,700	424,420,782
Prepayments	27,242,427	34,758,803	176,003,551
Loan and advances	25,661,316	17,912,762	69,745,358
Cash and cash equivalents	291,490,120	148,401,024	319,121,123
Total current assets	**1,104,915,689**	**1,040,150,289**	**989,290,814**
Total assets	**7,126,844,123**	**7,126,388,889**	**7,165,808,146**
EQUITY AND LIABILITIES			
Equity			
Share capital	1,968,027,000	1,968,027,000	1,968,027,000
Retained earnings	1,521,715,583	1,435,682,814	1,156,336,351
Total equity	**3,489,742,583**	**3,403,709,814**	**3,124,363,351**
Liabilites			
Non-current liabilities			
Loans and borrowings	3,227,686,842	3,303,186,813	3,579,843,942
Total non-current liabilities	**3,227,686,842**	**3,303,186,813**	**3,579,843,942**
Current liabilities			
Trade and other payables	58,224,698	52,686,262	76,807,853
Loans and borrowings	351,190,000	366,806,000	384,793,000
Total current liabilities	**409,414,698**	**419,492,262**	**461,600,853**
Total liabilities	**3,637,101,540**	**3,722,679,075**	**4,041,444,795**
Total equity and liabilities	**7,126,844,123**	**7,126,388,889**	**7,165,808,146**

MOUNTAIN ENERGY NEPAL LTD.
Statement of Profit or Loss and other Comprehensive Income
For the period ended 29th Poush, 2080

Particulars	As at 29th Poush, 2080 (Unaudited)	As at 30th Ashwin, 2080 (Previous Quarter) (Restated After Audit)	As at 30th Poush, 2079 (Previous year)
Revenue	735,292,064	454,851,522	744,052,525
Cost of sales			
-Amortization on Project Assets	(129,178,444)	(64,589,225)	(126,986,166)
-Other Direct Costs	(94,046,701)	(41,619,127)	(88,820,560)
Gross profit	**512,066,919**	**348,643,170**	**528,245,799**
Administrative expenses	(17,800,849)	(9,214,502)	(19,498,978)
Depreciation and amortisation	(805,743)	(435,778)	(968,142)
Operating profit	**493,460,327**	**338,992,890**	**507,778,679**
Finance income	4,290,671	2,029,373	5,937,855
Finance costs	(135,979,383)	(70,856,103)	(149,073,190)
Staff Bonus	(7,235,432)	(5,403,323)	(7,292,867)
Profit before tax	**354,536,183**	**264,762,837**	**357,350,477**
Income tax expenses			
Current tax	(6,756,250)	(3,880,939)	(1,470,029)
Deferred tax income/(expense)	2,284,055	2,280,303	-
Profit for the period	**350,063,988**	**263,162,201**	355,880,448
Other comprehensive income	-	-	-
Total comprehensive income	**350,063,988**	**263,162,201**	355,880,448

1. Notes to quarterly unaudited financials.

1.1 The unaudited financial statements for the Second Quarter ended Poush 2080 of the FY 2080/81 are reviewed by Audit Committee and authorized to publish by Board of Director of the Company.

1.1.1 Commercial Operation Date and Life of Hydropower Project:

Life (License Period):
- Tadi Khola (Thaprek), license period is valid till 2103 Mangsir 05.
- Mistri Khola license period is valid till 2103 Kartik 19.

Commercial Operation Date (COD):
- Tadi Khola (Thaprek) started commercial operation from 2069 Chaitra 14.
- Mistri Khola started its commercial operation from 2078 Ashadh 03.

1.2 Revenue:

1.2.1 Sale of Electricity: Revenue from sale of electricity is generated by Tadi Khola Project (5 MW) and Mistri Khola Project (42 MW). Tadi Khola Project invoiced Rs. 86,606,726 and Mistri Khola Project invoiced Rs. 657,610,049 for the period Shrawan to Poush end 2080, to Nepal Electricity Authority as per the terms of PPA.

1.2.2 Applicable Rate of PPA of Mistri Khola Project:
As per PPA dated 2067.10.20 (amended on 2073.01.15), the official date for Commercial date of Operation (COD) was 2076.05.14, but due to technical issues, commercial date of operation was revised to 2078.03.03. Accordingly, date of COD was delayed by 3 years and the effective license period is also reduced to 32 years from approved license period of 35 years.
At present, the company is recognizing revenue using the PPA rate of Fourth Year as per clause 12 of PPA after considering effect of delayed COD by 3 years, whereas NEA has been paying considering the revised COD (i.e., 2078.03.23) but applying the PPA rate of the first year and making payment accordingly. Different interpretation of applicable year rate of PPA has resulted in dispute over total booked Revenue of Rs. 395,918,049 (Rs.174,180,195 till Shrawan 2079) of which Rs. 90,373,311 is for the current year and balance of Rs.305,544,738 in previous years (2079/80, 2078/79 and 2077/78) before interest and both the parties to PPA agreed for arbitration proceeding for dispute settlement in Nepal Council of Arbitration (Tribunal) with details till Shrawan 2079. The Tribunal had decided that the contention of company is valid. Based on the decision of the Tribunal, the company had registered its claim to NEA on Mangsir 11, 2080 for release of the amount deducted by it.

1.2.3 Deduction of Energy associated with Tatopani SHP of NEA:
As per clause 38.18 of the PPA, there shall be no deduction of energy associated with Tatopani Small Hydropower System during the month of Ashad, Shrawan, Bhadra and Ashwin, due to sufficiency of water in the river system. Further, there is dispute in deduction of energy during contingency evacuation period. The Company had disputed with NEA and filed claim and both the parties to PPA agreed for arbitration proceedings for dispute settlement. NEA had deducted total of Rs. 252,930,432/- till Poush 2080 (Rs.109,524,672 till Shrawan 2079). The Tribunal had decided that, out of the total deduction made by NEA Rs.19,626,800 (till Shrawan 2079) is valid compensation for the energy associated with Tatopani SHP and instructed NEA to make differential payment to the Company. Based on award of the Tribunal, the Company decided to charge Rs.35,517,323 in FY 2079/80 and Rs. 8,924,711 in FY 2080/81 (till Poush 2080). Accordingly, Rs. 208,488,398 is to be recovered by the Company from NEA towards excess compensation claimed by it.

1.2.4 Arbitral Award by NEPCA (Tribunal)
In regard to the dispute mentioned above in para 1.2.2 & 1.2.3 between Mountain Energy Nepal Limited & Nepal Electricity Authority, Nepal Council of Arbitration (NEPCA), the Tribunal has awarded the dispute in favor of Mountain Energy Nepal Limited via letter Ref No. 306/080/81 dated 27 October 2023.

1.2.5 Power Evacuation
The entire electricity generated could not be evacuated resulting in revenue loss due to constraint on Electricity Transmission Grid owned and operated by NEA, but the MOU for contingency plan entered on 2073.09.26 between NEA and the company provides that the company renounce the right to claim the compensation for the above revenue loss.

1.3 Amortization:
Both the Projects, Tadi Khola and Mistri Khola Project has recognised an Intangible Asset for the right to sell electricity to NEA as specified in PPA through construction of projects assets under the service concession agreement.

1.3.1 Tadi Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 338 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.

1.3.2 Mistri Khola Project Assets, accounted as Intangible assets, are amortized over remaining useful life (Operation License period) of 304.5 months. The useful life of project asset is the tenure calculated from commercial date of operation. The amortization expense is included in the Cost of Sales.
Final project construction completion certificate is dated Ashwin 12, 2078. Hence, all the expenses relating to the project up to Ashwin 12, 2078 has been capitalized.

1.4 Taxation:
Mistry Khola project is in tax holiday up to Ashad 02, 2088, then after for next five years, tax concession is 50% of applicable tax rate.
100% tax concession period of Tadi Khola HEP ended on Chaitra 13, 2079 and for the next five years, tax concession at the rate of 50% on applicable tax rate is available. Accordingly, tax liability on taxable income of Tadi Khola project is calculated applying the concessional rate of 10% from Chaitra 14, 2079.
100% tax concession period of Mistri Khola HEP is available till Ashadh 02, 2088.
Interest income is not tax exempted as per Section 11 of Income Tax Act, 2058, consequently tax liability on Interest Income has been calculated at the rate of 25% on proportionate basis after deducting the staff bonus.

1.5 Proposed Distribution
The Board of Directors has proposed a stock dividend in respect of the year ended 31 Ashad 2080 of Rs.15 Per share, amounting to a total stock dividend of Rs. 295,204,050 and cash dividend of Rs. 0.7895 per share, amounting to total cash dividend of Rs. 15,537,055.26, which is subject to the approval of the Annual General Meeting. Total proposed dividend is Rs. 15.7895 per shares, amounting to a total dividend of Rs. 310,741,105.26. These quarterly financial statements do not reflect these dividend payable.

1.6 Related Party Transitions:
There is no related party transaction during the reporting period.

1.7 Key Financial Ratio: In NRs.

Period	Earnings Per Share (Quarterly)	Net Worth Per Share	Current Ratio	P/E Ratio
This Quarter End	17.79	177.32	2.70	36.82
Previous Quarter End (Restated)	13.37	172.95	2.48	57.22
Corresponding Previous year's Quarter End (Audited)	18.08	158.76	2.14	44.99

1.8 Challenges
Internal
- Retention of skilled human Resources
- Managing Operational Efficiency

External
- Impact of Climate Change on amount of Rain/Snow Fall in Catchment area
- Suppler Risk as vendors of major project assets is of foreign origin.
- Foreign exchange rate

2. Management Analysis
Both the projects (Tadi Khola-Thaprek and Mistri Khola) are operating satisfactorily. The debt servicing is regular.

3. Analysis of Share Transactions:
The Major Highlights of Share Transactions During the Quarter are as follows:

Maximum Price NPR	Minimum Price NPR	Closing Price NPR	Total Turnover	Traded Volume	Transaction Days
815.80	429.90	655.00	2,954,444,084.00	5,217,243	49

4. Corporate Governance
The Company has regular Board of Directors and Audit Committee meetings. The management team meet regularly for the smooth running of the Company.

5. Declaration from Management
I take the responsibility for the accuracy of financial and other information detailed in this report for the 6 months period up to Poush end 2080 of FY 2080/81 and hereby declare that financial and other information detailed in this report are true, based on records and facts, and are complete to the best of my knowledge and that information necessary for taking informed decision by the investors are not concealed.

राष्ट्रिय सभामा...

पृष्ठ १ बाट क्रमशः

छन् । तर, २० फागुनमा एमालेका नौ, कांग्रेस चार, माओवादी तीन, एकीकृत समाजवादी दुई, जसपा एक र स्वतन्त्र एक बाहिरिँदै छन् ।

बिहीबार निर्वाचितमा कांग्रेसका १०, माओवादीका पाँच, एकीकृत समाजवादीका दुई, एमाले र जसपाका एक-एकजना छन् । यस आधारमा २० फागुनपछि राष्ट्रिय सभामा १८ सांसदसहित माओवादी पहिलो, १६ सांसदसहित कांग्रेस दोस्रो, १० सांसदसहित एमाले तेस्रो, आठ सांसदसहित एकीकृत समाजवादी चौथो, तीन सांसदसहित जसपा पाचौँ दल हुनेछन् । लोसपा र राष्ट्रिय जनमोर्चाका एक-एकजना छन् । राष्ट्रपतिबाट मनोनीत वामदेव गौतम स्वतन्त्र सांसदको हैसियतमा छन् । राष्ट्रपतिबाट एक सिट मनोनीत हुन बाँकी छ । गठबन्धनबीच उक्त सिट जनमोर्चालाई दिने सहमति छ ।

प्रतिनिधिसभातर्फ भने कांग्रेस ८८ (प्रत्यक्ष ५६ 'एक निलम्बित'/समानुपातिक ३२), एमाले (प्रत्यक्ष ४४ 'एक निलम्बित'/समानुपातिक ३४), माओवादी (प्रत्यक्ष १८/समानुपातिक १४), रास्वपा २१ (प्रत्यक्ष ८/समानुपातिक १३), राप्रपा (प्रत्यक्ष ७/समानुपातिक ७), जसपा (प्रत्यक्ष ७/समानुपातिक ५), एकीकृत समाजवादी १०, जनमत (प्रत्यक्ष १/समानुपातिक ५), लोसपा ४, नागरिक उन्मुक्ति ४, नेमकिपा, जनमोर्चा र आम जनता १-१, स्वतन्त्र २ र रिक्त एक सिट छ ।

गठबन्धन १८ र एमाले एक सिटमा विजय

राष्ट्रिय सभा निर्वाचनमा सत्तागठबन्धनले १८ र एमालेले एक सिटमा जित हासिल गरेको छ । सातवटै प्रदेशमा १९ सिटका लागि बिहीबार भएको आठ दलका ५१ उम्मेदवारले प्रतिस्पर्धा गरेकोमा कांग्रेसका १०, माओवादीका पाँच, एकीकृत समाजवादीका दुई र एमाले तथा जसपाका एक-एक उम्मेदवार निर्वाचित भएका हुन् ।

०७४ को चुनावबाट निर्वाचित भई गोलाप्रथाबाट ६ वर्षे कार्यकाल पूरा गरी एमालेका नौ, कांग्रेस चार, माओवादी तीन, एकीकृत समाजवादी दुई, जसपा एक र स्वतन्त्र एक सांसद २० फागुनमा बिदा हुँदै छन् । संविधानअनुसार पदावधि सकिनु ३५ दिनअगावै राष्ट्रिय सभा सदस्यको निर्वाचन भइसक्नुपर्छ ।

निर्वाचन आयोगका अनुसार बिहीबार सम्पन्न निर्वाचनमा ९९.३२ प्रतिशत मत खसेको थियो । राष्ट्रिय सभा सदस्य निर्वाचनमा प्रदेश सभा सदस्य र पालिका प्रमुख तथा उपप्रमुख मतदाता हुन्छन् । आयोगले प्रदेश सांसदको मतभार ५३ र पालिका प्रमुख-उपप्रमुखको मतभार १९ तोकेको छ ।

आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार सातै प्रदेश सभामा पाँच सय ४९ जना मतदाता रहेकोमा पाँच सय ४६ जनाले मतदान गरेका थिए भने पालिका प्रमुख/उपप्रमुखतर्फ एक हजार ४९७ मतदाता रहेको एक हजार ४८६ जनाले मतदान गरेका थिए । दुवैतर्फ दुई हजार ४६ मतदाता रहेकोमा दुई हजार ३२ जनाले मतदान गरेको आयोगले जनाएको छ ।

आयोगका अनुसार कोशीमा अन्यतर्फ कांग्रेसका कृष्णप्रसाद सिटौला पाँच हजार २९२ र महिलातर्फ एमालेकी रुकमिणी कोइराला पाँच हजार ८६ मतभारसहित निर्वाचित भएका छन् । मधेशमा अन्यतर्फ कांग्रेसका आनन्दप्रसाद ढुंगाना सात हजार ३७० र महिलातर्फ जसपाकी पूजा चौधरी सात हजार ९२३ मतभारसहित निर्वाचित भएका छन् ।

बागमतीमा अन्यतर्फ कांग्रेसका जितजंग बस्नेत ६ हजार ५३१ र महिलातर्फ विष्णुदेवी पुडासैनी ६ हजार ६२२ चुनिँदा अपांगता तथा अल्पसंख्यकतर्फ माओवादीका श्रीकृष्णप्रसाद अधिकारी ६ हजार ३८३ र दलिततर्फ एकीकृत समाजवादीका घनश्याम रिजालले ६ हजार ५१२ मतभारले जितेका छन् ।

त्यसैगरी गण्डकीमा महिलातर्फ माओवादीकी मनरूपा शर्मा सुवेदी तीन हजार ६६० र अन्यतर्फ कांग्रेसका किरणबाबु श्रेष्ठ तीन हजार ८०८ र अपांगता तथा अल्पसंख्यकतर्फ पदमबहादुर परियारले तीन हजार ७७४ मतले बाजी मारेका छन् । लुम्बिनीमा महिलातर्फ कांग्रेसकी विष्णुकुमारी सापकोटा पाँच हजार ४३५ र अन्यतर्फ माओवादीका झक्कुप्रसाद सुवेदीले पाँच हजार ४३५ मतभारले जित हासिल गरेका छन् ।

कर्णालीमा महिलातर्फ एकीकृत समाजवादीकी सावित्री मल्ल तीन हजार सात ७२२, अन्यतर्फ कांग्रेसका कृष्णबहादुर रोकाया तीन हजार ८७० र दलिततर्फ माओवादीका विष्णुबहादुर विक तीन हजार ८१७ मतभारले विजयी भएका छन् ।
सुदूरपश्चिममा महिलातर्फ माओवादीकी रेणु चन्द चार हजार ४५३, अन्यतर्फ कांग्रेसका बलदेव बोहरा चार हजार ३२८ र अपांगता तथा अल्पसंख्यकतर्फ नारायणदत्त भट्ट चार हजार ४१९ मतभारले निर्वाचित भएको आयोगले जनाएको छ ।

शक्तिमा फर्किए...

पृष्ठ १ बाट क्रमशः

विधेयक पारितमा उनको भूमिका अर्थपूर्ण नै रहनेछ ।

प्रधानमन्त्री प्रचण्डसँगको निकटताले सिटौला आफूले चाहेको अवस्थामा सहजै राष्ट्रिय सभा अध्यक्ष हुनेछन् । सिटौला प्रचण्डका पनि रोजाइका पात्र हुन् भन्ने कांग्रेस सभापति शेरबहादुर देउवाले पार्टी नेताहरूकै बैठकमा बताएका थिए । राष्ट्रिय सभा उम्मेदवार छान्ने बैठकमा देउवाले भनेका थिए, 'प्रचण्डजीको पनि चाहना छ, कोशीमा सिटौलाजीलाई उम्मेदवार बनाऔँ ।'

दुईवटा संसदीय निर्वाचनमा पराजय भोगेका सिटौला केही वर्ष राष्ट्रिय राजनीतिमा नभई कांग्रेसका आन्तरिक राजनीतिमा सक्रिय थिए । तर, ०७४ पछि संसदीय जिम्मेवारीबाट बाहिर रहेका सिटौला राष्ट्रिय सभामार्फत संसद् फर्केका छन्, यसले कांग्रेसको आन्तरिक मात्र नभई राष्ट्रिय राजनीतिमा पनि अर्थ राख्छ ।

संसद् प्रवेशसँगै उनी राष्ट्रिय सभा अध्यक्षको जिम्मेवारीमा रहन्छन् भन्ने धेरैको बुझाइ छ । सिटौला निर्वाचित भएलगत्तै कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माले त राष्ट्रिय सभा अध्यक्षको भूमिका निभाउने अपेक्षासहित बधाई दिएका छन् । 'कोशीमा एक सिटबाहेकमा सबैमा गठबन्धनकै पक्षमा परिणाम आएको छ । अब उहाँको भूमिका राष्ट्रिय सभा अध्यक्षकै हो । उहाँलाई पार्टी र गठबन्धनमा सल्लाह सहमतिअनुसार उम्मेदवार बनाइएको हो । उहाँलाई राष्ट्रिय सभा अध्यक्ष बनाउन गठबन्धनमा पूर्वसहमति भएको हो । अन्य भूमिकाको विषय छैन । यसमा कुनै आशंका गर्न जरुरी छैन,' महामन्त्री शर्माले नयाँ पत्रिकासँग भने ।

तर, कोशीमा माओवादी उम्मेदवार पराजित भएपछि भने गठबन्धनमा शंका उत्पन्न गराएको छ । माओवादी उपमहासचिव वर्षमान पुन निर्वाचन परिणामबारे गठबन्धन दलमा छलफल हुने र बाँकी विषय टुंगो लाग्ने बताए । 'निर्वाचनको परिणाम सबै स्थानमा गठबन्धनको पक्षमा छ । कोशीमा कांग्रेसको एक तप्काका कारण माओवादी उम्मेदवार पराजित हुनुभएको देखिन्छ । अब गठबन्धनको बैठक बसेर समीक्षा र बाँकी विषय टुंगो लगाउँछौँ,' उनले नयाँ पत्रिकासँग भने ।

माओवादी महासचिव देव गुरुङ गठबन्धनको बैठकमा सिटौलालाई अध्यक्ष बनाउने विषयमा भएको सहमतिबारे आफूलाई जानकारी नभएको दाबी गर्छन् । तर, माओवादीका एक अर्का पदाधिकारी गठबन्धनमा सिटौलालाई राष्ट्रिय सभा अध्यक्ष बनाउने सहमति बनेको बताउँछन् । 'उम्मेदवारीअघि सिटौलाजीलाई राष्ट्रिय सभा अध्यक्ष बनाउने गरी सहमति भएको हो, तर परिणामपछि अवस्था फेरियो,' उनले भने, 'धोका पनि दिने अनि कांग्रेसले भनेको खुरुखुरु मानेर जाने नहुन पनि सक्छ ।'

०६२/६३ को जनआन्दोलनलगत्तै बनेको गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारमा उनी १२ वैशाख ०६३ देखि ५ भदौ ०६५ सम्म उपप्रधानमन्त्री तथा गृहमन्त्रीको भूमिकामा थिए । तत्कालीन प्रधानमन्त्री कोइरालाको समेत विश्वासपात्रका रूपमा उनले शान्ति प्रक्रियामा भूमिका निभाएका थिए । कोइराला र प्रचण्डबीच सिटौला समन्वयका एक कडी थिए । तत्कालीन समयमा माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन खेलेको भूमिका र ०७२ मा संविधानका मस्यौदाकारका रूपमा सिटौलाको राजनीतिक पहिचान छ ।

१२औँ महाधिवेशनपछि तत्कालीन सभापति सुशील कोइरालाले सिटौलालाई कांग्रेसको महामन्त्री मनोनीत गरेका थिए । त्यसपछि भने उनी पार्टीको पदाधिकारीको जिम्मेवारीमा गएनन् । तर, कांग्रेसमा तेस्रो धारका रूपमा सिटौलाले पार्टीमा पकड राख्दै आएका थिए । पार्टी र संसद्को औपचारिक जिम्मेवारीमा नरहे पनि राजनीतिको कठिन मोडमा उनी सम्झिइने पात्रका रूपमा थिए । गत मंसिरमा सम्पन्न प्रतिनिधिसभामा उनले झापा १ बाट राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनसँग पराजय व्योहोरेका थिए । पराजयपछि पार्टी र सार्वजनिक कार्यक्रम र अभिव्यक्तिमा आफ्नो कम उपस्थिति देखाउँदै आएका थिए ।

लगातार दुई पराजयपछि सिटौलाले कुन बाटो लिन्छन् भन्ने थियो । तर, पछिल्लो निर्वाचनपछिको एकवर्षे अवधिमा उनले मौन रहँदै आएका राष्ट्रिय सभा प्रवेशको करिडोर तय गरेका हुन् । उम्मेदवार चयनमा कांग्रेसबाट निर्वाचनमा पराजितलाई उम्मेदवार नबनाउन दबाब थियो । तर, सिटौलालाई टिकट दिने विषयमा पनि कांग्रेसमा कुनै विवाद भएन ।

उम्मेदवार छनोटका क्रममा पराजितलाई उम्मेदवार बनाउन नहुने भन्दै अडान र फरक मत राखेका महामन्त्रीद्वय शर्मा र गगन थापा तथा नेता डा. शेखर कोइरालाले सिटौलाको विषयमा उनको विगतको योगदानका आधारमा राष्ट्रिय सभा अध्यक्षको भूमिकाका लागि उम्मेदवार बनाएको बताएका थिए । तर, यसबारे सिटौलाले औपचारिक रूपमा मुख खोलेका छैनन् ।

२३ पुसमा उम्मेदवारी दर्तापछि उनले निर्वाचन परिणाम आएसँगै स्वाभाविक जवाफ आउने बताएका थिए । तर, राष्ट्रका चुनौती सामना गर्न र जनहितका विषयमा सबै दलबीच समझदारी आवश्यक रहेको तथा सोही भूमिकाका लागि आफूलाई कांग्रेसले उम्मेदवारका रूपमा अघि सारेको उनको कूटनीतिक जवाफ मात्रै थियो ।

सुनील र विकलको...

पृष्ठ १ बाट क्रमशः

नौ सय ९५ र २५ अगस्ट २०२१ मा ४७ हजार सात सय ४५ डलर जम्मा भएको छ । यो रकम विभिन्न खरिदसम्बन्धी कमिसनको भएको आशंका गरिएको छ । नेपाल टेलिकमका प्रबन्ध-निर्देशक रहेका वेला पौडेलविरुद्ध आयोगले नेसनल पेमेन्ट गेटवे खरिदमा भएको भ्रष्टाचारमा मुद्दा दायर गरेको थियो ।

थप शंकास्पद के छ भने दुवैको खातामा उही कम्पनीबाट रेमिट्यान्सका रूपमा डलर जम्मा भएको छ । सुरक्षण मुद्रण केन्द्रका निलम्बित कार्यकारी निर्देशक विकलको ३८०-९४७२०८४ नम्बरको खातामा अमेरिकाको इन्स्टासेफबाट २ अगस्ट २०२१ मा २४ हजार नौ सय ९५ डलर जम्मा भएको छ । २४ मार्च २०२१ मा ब्यानकोटेकले उनको खातामा रेमिट्यान्सका रूपमा ५० हजार अमेरिकी डलर जम्मा गरेको छ ।

अरू धेरैपटक उनीहरूले नेपाल राष्ट्र बैंकको स्वीकृतिबेगर विदेशमा खाता खोली शंकास्पद कारोबार गरेको भेटिएको छ । सरकारी पदमा रहकै वेला उनीहरूको खातामा यस्तो कारोबार भएको हो । युनाइटेड ओभरसिज बैंकमा खाता खोल्दा दुवैले १२ हिलभ्युवेको एउटै ठेगाना राखेका छन् । विकल अमेरिकाको समेत पिआर भएका व्यक्ति हुन् । भ्रष्टाचार मुद्दा दायर भएपछि दुवैजना धेरैजसो विदेशमै बस्दै आएका थिए ।

दुवैजना ठूला भ्रष्टाचारका मुद्दा खेपिरहेका छन् । गत ३ वैशाखमा पौडेलसहित नौविरुद्ध अख्तियारले मुद्दा दायर गरेको थियो । सेक्युरिटी प्रिन्टिङका आवश्यक उपकरण खरिद र पूर्वाधार निर्माण गर्दा ६९ करोड घोटाला भएको ठहरसहित अख्तियारले मुद्दा दायर गरेको थियो । अस्वाभाविक लागत अनुमान तयार गरी स्वीकृत गरेको, एउटा देशबाट ल्याउने सम्झौता भएको सामान अन्तैबाट ल्याएको, खरिद सम्झौताविपरीत सामान स्वीकार गरेको, कामै नगरी भुक्तानी दिएको र अनावश्यक पूर्वाधार निर्माण गरी सरकारी सम्पत्तिमा हानि-नोक्सानी तथा दुरुपयोग गरेको दाबी अख्तियारको छ । पदमै रहँदा सिंगापुरको एक कम्पनीमा परामर्शदाताका रूपमा नियुक्ति लिएकोसमेत अख्तियारको अनुसन्धानमा खुलेको छ । त्यस्तै, नेसनल पेमेन्ट गेटवे खरिदको २३ करोड २७ लाख ५८ हजार घोटाला काण्डमा दुवैजना प्रतिवादी रहेको मुद्दा पनि विशेष अदालतमा विचाराधीन छ । ती मुद्दामा उनीहरू अदालतमा उपस्थित भएका छैनन् । विदेशमै भाग्ने तयारी गरेको सूचना पाएपछि उनीहरूलाई बुधबार पक्राउ गरिएको अख्तियारका एक अधिकारी बताउँछन् ।

सरकारमा जो आउँदा पनि शक्तिशाली रहँदै आएका पौडेलद्वयले सूचना प्रविधिसम्बन्धी ठूला ठेक्कामा सेटिङ मिलाएर करोडौँ कमाएको उजुरी अख्तियारमा परेको छ । जसमा आयोगले उनीहरूको घरमा समेत खानतलासी लिएर छानबिन अघि बढाएको छ ।

पक्राउ परेका दुवैलाई सात दिन थुनामा राखेर अनुसन्धान गर्न विशेष अदालतले अख्तियारलाई अनुमति दिएको छ । विशेषका अध्यक्ष टेकनारायण कुँवर तथा सदस्यहरू तेजनारायणसिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले बिहीबार सात दिनको म्याद थप गरेको हो । बुधबारबाट लागू हुने गरी १७ माघसम्म अनुसन्धानका लागि म्याद थप गरिएको विशेषका उपरजिस्ट्रार धनबहादुर कार्कीले जानकारी दिए । म्याद थपकै क्रममा उनीहरूले विशेष अदालतमा कानुन व्यवसायी उपस्थित गराई साधारण तारेखमा छुट्न पाउने माग गरेका थिए । तर, भ्रष्टाचार निवारण ऐन, २०५८ को दफा ३१(४)मा ६ महिनासम्म थुनामा राख्ने अनुमति मुद्दा हेर्ने अधिकारीले दिन सक्ने उल्लेख छ ।

रुसबाट...

पृष्ठ १ बाट क्रमशः

समन्वय गरेको छ,' परराष्ट्र मन्त्रालयका एक अधिकारीले नयाँ पत्रिकासँग भने, 'रुसमा लाखौँ खर्च गरेर पुगेका नेपालीलाई नेपाली दलालले नै थप पैसा लिने गरेको विवरण पनि प्राप्त भएको छ । यसको पनि छानबिन भइरहेको छ ।'

अर्कोतर्फ रुसमा रहेका आफन्तलाई स्वदेश फिर्ताका लागि आग्रह गर्दै परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागमा हालसम्म परिवारजनका एक सय ५० जनाले निवेदन दिएका छन् । परराष्ट्र मन्त्रालयको कन्सुलर सेवा विभागका महानिर्देशक प्रकाशमणि पौडेलले रुसमा रहेका आफन्तजनले स्वदेश फिर्ता गराइदिन निवेदन दिने क्रम नरोकिएको बताए । 'त्यहाँ रहेका आफन्तलाई स्वदेश फर्काउन पहल होस् भनेर निवेदन आइरहेका छन् । रुसबाट नेपाली राजदूतावासको समन्वयमा नेपालीहरू स्वदेश पनि आइरहेका छन्,' महानिर्देशक पौडेलले भने ।

युक्रेनमा बन्दी रहेका चारजना नेपालीका परिवारले पनि परराष्ट्रको कन्सुलर सेवा विभागमार्फत बन्दी छुटाउने पहल गर्न भन्दै निवेदन दिएका छन् । रुसी सेनामा कार्यरत नेपालीमध्ये युक्रेनसँगको युद्धका क्रममा युक्रेनी सेनाको नियन्त्रणमा चारजना पुगेका छन् । उनीहरूमा राजापुर- १ बर्दियाका विवेक खत्री र मण्डन देउपुर- ६ काभ्रेका सिद्धार्थ ढकाल, लेटाङ- २ मोरङका विकास राई र रुन्टीगढी- ८ रोल्पाका प्रतीक पुन छन् ।

युक्रेनमा नेपालीको रिहाइका लागि सरकारले अमेरिका र रेडक्रसको अन्तर्राष्ट्रिय समितिमार्फत प्रयास गरिरहेको छ । यता, युक्रेनका अधिकारीले उनीहरूको नियन्त्रणमा रहेका युद्धबन्दी नेपालीलाई नेपालमा पनि जेलमा राख्नुपर्ने सर्त राखेका थिए । यसमा नेपालले जवाफ दिएको छैन ।

रुसी सेनामा रहेका ६० जनाभन्दा बढी व्यक्तिका परिवारजनले रुसी सेनामा कार्यरत सन्तान सम्पर्कविहीन भएको भन्दै खोजी गरेर स्वदेश ल्याइदिन पनि कन्सुलर विभागमा निवेदन दिएका छन् । परिवारले दिएको निवेदनअनुसार रुस-युक्रेन युद्धमा परेर घाइते भएका नेपालीले पनि स्वदेश फर्किने इच्छा व्यक्त गरेका छन् । तर, रुसी कानुनअनुसार उनीहरूलाई स्वदेश फर्काउने

मुगुको पुरुमुरू...

पृष्ठ १ बाट क्रमशः

नभएपछि जिल्ला अस्पताल सदरमुकाम गमगढी लैजाँदै थियौँ, बाटोमै मृत्यु भयो,' उनले भने । ढोली आफू पनि रुघाखोकीले थला परेका छन् । जिल्ला अस्पतालबाट ज्वरो प्रभावित क्षेत्रमा खटिएका डाक्टर कमल ढुंगानाका अनुसार यो घटना गत साताको हो । उनले अत्यधिक ज्वरो, रुघाखोकी र टाउको दुख्ने समस्या देखिएका हरि र कृतिको ज्यान गएको खबर ढिलो गरी प्राप्त भएको बताए । 'उहाँहरूमा दम र निमोनियाको पनि समस्या रहेछ,' उनले भने । कुसुममा भने ज्वरोसँगै टाउको दुख्ने र बान्ता पनि भएको पाइएको छ ।

तर, जिल्लाबाट स्वास्थ्यकर्मीको टोली पुग्नुअघि नै दाहसंस्कार गरिसकेकाले त्यसबारे थप जानकारी प्राप्त हुन कसको छैन । 'पोस्टमार्टम पनि नभएकाले मृत्यु हुनुको कारण पत्ता लागेन । हामी गाउँमा पुग्दा रुघाखोकी लागेका बिरामी सातदेखि १० दिनका भेट्टायौँ,' उनले भने । बिरामीमा ज्वरो आउने, रुघाखोकी, जिउ दुख्ने, खाना खान मन नलाग्ने, अत्यधिक टाउको दुख्ने, शरीर काम्ने र छाती दुख्नेलगायतका लक्षण देखिएको ढुंगानाले बताए ।

जिल्ला अस्पताल मुगुले सोरू गाउँपालिका-६ का पुरुमुरू गाउँ र जिमा गाउँमा चिकित्सकको टोली खटाएर स्वास्थ्य परीक्षण गरेको छ । आइतबार र सोमबार एक सय ५० बिरामीको स्वास्थ्य परीक्षण गरिएको डाक्टर कमल ढुंगानाले बताए । तीमध्ये एक सय ३५ जनामा ज्वरो आउने, जिउ काम्ने, टाउको र छाती दुख्ने, सुक्खा खोकी लाग्ने लक्षण देखिएको छ ।

दुईजना बिरामीको स्वास्थ्य अवस्था जटिल देखिएपछि जिल्ला अस्पताल लगिएकामा उपचारपछि सुधार भएको छ । बिरामीमा ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, शरीर काम्ने, खोकीपछि अत्यधिक छाती दुख्नेजस्ता समस्या देखिएको र सिटामोलसहितका औषधि दिइएको उनले बताए ।

तत्कालीन प्रदेश...

पृष्ठ १ बाट क्रमशः

हुने फैसला भएको हो । पहिलो मुद्दामा सात प्रतिवादी रहेकोमा दुईजनामाथि कसुर ठहर र पाँचजनाले सफाइ पाएका हुन् । भुसाललाई अख्तियारले १० करोड ३३ लाख रुपैयाँभन्दा बढी बिगो माग दाबी गर्दै मुद्दा चलाएको थियो । लेडिज साइकल खरिदका लागि उनलाई अख्तियारी प्रत्यायोजन गरिएको थियो । उनी यस विषयमा प्रमुख जिम्मेवार थिए । खरिदको सुरुवातदेखि सार्वजनिक खरिद ऐन र नियमावलीको पालना नगरी सम्झौता गरेको आरोप उनीमाथि थियो । अम्बिका ब्रान्डको साइकल मगाउने भनिएकोमा कमसल र ब्रान्ड नखुलेका साइकलको आपूर्ति स्वीकार गरी भुक्तानीसमेत गर्दा सरकारलाई नोक्सानी भएको अभियोग भुसालउपर थियो ।

त्यस्तै, मन्त्रिपरिषद् कार्यालयमा खरिदविज्ञका रूपमा रहेका झाले स्थानीय फर्मबाट खरिद गरी आपूर्ति गरिएका कम गुणस्तर र ब्रान्ड नखुलेका साइकलको परीक्षण प्रतिवेदनविना नै भुक्तानी सिफारिस गरेका थिए । आपूर्तिकर्तासँग खरिद सम्झौतासमेत नगरी आफूलाई प्रत्यायोजित नै नगरिएको अधिकार प्रयोग गरेर भ्रष्टाचार गरेको अख्तियारको दाबी थियो ।

मुद्दा दायर गरिएका मन्त्रिपरिषद् कार्यालयका सहलेखापाल राजाराम मण्डल, भण्डार/जिन्सी शाखा प्रमुख रामस्वार्थ महतो र भण्डार शाखाका जितमोहनकुमार दासले भने सफाइ पाएका छन् । ओम सत्य साई प्रालिका म्यानेजिङ डाइरेक्टर रेनु अग्रवालले पनि सफाइ पाएकी छिन् । यसै विषयमा दायर अर्को मुद्दामा बोलपत्र मूल्यांकन समितिका पदाधिकारी तथा उपसचिव दिलीपकुमार प्रधान, अधिकृत सुरेन्द्रकुमार कर्ण र सहलेखापाल मण्डललाई प्रतिवादी बनाइएको थियो । भगवान झासमेत यसमा प्रतिवादी थिए । तर, सबैले सफाइ पाएका छन् ।

ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८०/१०/१२ गते

यस माछापुच्छ्रे बैंक लि. धनगढी शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

तपसिल

ऋणीको नाम, ठेगाना	धितोमा रहेको सम्पतिको विवरण
१. भारमल सुनार ना.प्र.नं. ७५१५७३, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६१/०३/०३ बाबु : धौले सुनार, बाजे : संग्राम सुनार ठेगाना : कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ६ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८	धनी यस माछापुच्छ्रे बैंक लिमिटेड र ऋणी भारमल सुनारको नाममा दर्ता कायम भएको निम्न बमोजिमको सवारी साधन : सवारी मोडल : स्वराज ७४४ FE, रङ्ग : निलो दर्ता नं. : से. २ त. २५५५ ईन्जिन नं. : ४३.१०२५/SZL३२९६४, च्यासिस नं. : MBNAU52AIJCL10781
व्यक्तिगत जमानतकर्ताहरू	
१. भारमल सुनार ना.प्र.नं. ७५१५७३, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६१/०३/०३ बाबु : धौले सुनार, बाजे : संग्राम सुनार ठेगाना : कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा नं. ६ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८	**२. लक्ष्मी सुनार** ना.प्र.नं. ७५२००९/३३८, जि.प्र.का. कञ्चनपुर जारी मिति : २०६७/०२/२३ पति : भारमल सुनार, ससुरा : धौले सुनार ठेगाना : कञ्चनपुर जिल्ला, परासन गा.वि.स. वडा न. ६ हाल : कञ्चनपुर जिल्ला, पुनर्वास न.पा. वडा नं. ८

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, धनगढी

कस्तुरीको बिना तस्करीमा संलग्न कोरियन नागरिकलाई जरिवानामै 'उन्मुक्ति'

दोषी ठहरसमेत भएकालाई जरिवानाको मात्र फैसला भएपछि अनुसन्धान अधिकारीहरू असन्तुष्ट

नवराज मैनाली/नयाँ पत्रिका

नेपालबाट कस्तुरीको बिना चोरी-सिकारीमा संलग्न कोरियन गिरोहका एक सदस्यले न्यूनतम सजायमै उन्मुक्ति पाएका छन् । वन कार्यालयले १५ वर्ष कैद सजाय माग गरी मुद्दा दायर गरेकोमा कोरियन नागरिक जंग जुन जुनलाई काठमाडौं जिल्ला अदालतले पाँच लाख मात्र जरिवाना हुने फैसला गरेको हो । अदालतको फैसलासँगै उनी छुटेर कोरिया फर्किसकेका छन् ।

जुन पक्राउ पर्नुलाई प्रहरी र वनका अधिकारीले ठूलो सफलता मानेका थिए । दोषी ठहरसमेत भएका उनलाई जरिवानाको मात्र फैसला भएपछि अनुसन्धान अधिकारीहरूले त्यसप्रति असन्तुष्टि व्यक्त गरेका छन् । सो गिरोहले नेपालमा सयौं कस्तुरी मारेर बिना तस्करी गरेको अनुसन्धानमा खुलेको थियो । जिल्ला न्यायाधीश विनोद खतिवडाको इजलासले गत २१ असोजमा उनलाई दोषी ठहर गरेको थियो । तर, २६ असोजमा सजाय सुनाउँदै पाँच लाख रुपैयाँ मात्र जरिवानाको फैसला भएको हो । डिभिजन वन कार्यालय, काठमाडौंले १५ वर्षसम्म कैद र १० लाख रुपैयाँसम्म जरिवानाको माग गरेको थियो । पाँच लाख जरिवाना गर्दा कानुनको मकसद पूरा हुने फैसलाको रायकितामा उल्लेख छ । तर, फैसलाको पूर्णपाठ भने तयार भइनसकेको जिल्ला अदालत काठमाडौंले जनाएको छ ।

यो सजाय फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को मर्मविपरीत रहेको सिआइबीका एक अधिकारी बताउँछन् । सो ऐनमा सजाय निर्धारण गर्दा कसुरको गम्भीरता र कसुरदारको दोषको मात्रा, कसुरदारको आचरण र विगतको क्रियाकलाप हेर्नुपर्ने उल्लेख छ । दोषी ठहर भएका कोरियन नागरिकले बिना तस्करी गरेर लैजान लागेको स्वीकार गरेको र उनी यसैका लागि पटक-पटक नेपाल आएको अनुसन्धान रिपोर्टमा उल्लेख थियो । साथै, जरिवाना तोक्दा कसुरदारको आर्थिक अवस्था हेर्नुपर्ने ऐनमा उल्लेख छ । १६ पटकसम्म नेपाल आएका जुनलाई कमजोर आर्थिक अवस्थाको व्यक्तिले पाउने न्यून जरिवानाको सजाय सुनाइएको छ ।

संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा २० को खण्ड (क) अनुसारको अपराधको सजाय दाबी गरी ३१ भदौ ०७९ मा कोरियनविरुद्ध मुद्दा दायर भएको थियो । सो दफाअनुसारको अपराधमा कसुरको मात्राअनुसार पाँच वर्षदेखि १५ वर्षसम्म कैद वा पाँच लाखदेखि १९ लाख जरिवाना वा दुवै सजाय हुने प्रावधान छ । जसमा न्यूनतम पाँच लाख मात्र जरिवाना गरिएको हो ।

नेपालबाट कस्तुरीको बिना लिएर कोरिया जान लागेका जुन १३ असार ०७९ मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेका थिए । उनले लगाएको जुत्ताभित्र बिना लुकाएर कोरिया लैजान खोज्दा उनको साथबाट सात सय १६ ग्राम कस्तुरीको बिना बरामद भएको थियो । सो परिमाणको बिना संकलन गर्न करिब १० वटा कस्तुरी आवश्यक हुने वनका अधिकारी बताउँछन् । साथै, बयानमा उनले सो बिना आफ्नो भएको र औषधिका लागि कोरिया लैजान लागिएको स्विकारेका थिए । सोही आधारमा उनलाई दोषी ठहर गरिएको थियो, तर सजाय भने न्यूनतम भएपछि अनुसन्धानमा आबद्ध अधिकारीले आश्चर्य व्यक्त गरेका छन् ।



कोरियन तस्कर समूहले विदेश लैजान लाग्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बरामद भएको कस्तुरीको बिना ।



■ अन्तर्राष्ट्रिय गिरोहका सदस्य हुन् जुन

कसुरदार जुन पछिल्लो आठ वर्षमा १६ पटक नेपाल आएका थिए । हरेकपटक आएको भोलिपल्टै कोरिया फर्कनुले उनी घुम्नका लागि नआएको प्रस्ट हुन्छ । उनी बिना तस्करीकै लागि यसरी बारम्बार आएको अनुसन्धान अधिकारीको दाबी थियो । सो गिरोहका नाइके पनि कोरियाकै नागरिक हानौक ली हुन् । जो कोरियाको वन्यजन्तु तस्करीका नाइके भएको खुलेको छ । उनी पनि पटक-पटक नेपाल आएका थिए । त्यसै, कर्म राप्ते गुरुङ भन्ने व्यक्तिले नेपालमा सहयोग गरेका थिए । ती व्यक्ति जुन पक्राउ परेलगत्तै भागेका थिए । उनको गाडी भने तनहुँमा फालेको अवस्थामा बरामद भएको थियो । उनीहरूलाई पनि प्रतिवादी बनाइएकोमा मुद्दालाई मुल्तबीमा राखिएको छ । फरार लीले कोरियामा आयुर्वेदिक औषधिको आवरणमा यस्तो धन्दा चलाउँदै आएको सूचना प्रहरीले पाएको छ । औषधि तथा महँगा अत्तर बनाउन बिनाको तस्करी हुने गरेको अनुसन्धानले देखाएका छन् । कोरियामा रहेका लीमाथि कानुनी कारबाहीका लागि प्रहरीले इन्टरपोलसँग रेड नोटिस प्रक्रिया अघि बढाएको छ ।

■ यसरी भएको थियो संगठित गिरोहमाथि अनुसन्धान

जुन पक्राउ परेको करिब दुई महिनासम्म अनुसन्धान अधिकारीले सो गिरोहका सदस्यबारे केही सूत्र फेला पार्न सकेका थिएनन् । जुनले आफ्नी माइजू र सानीआमालाई क्यान्सर भएकाले उनको उपचारका लागि बिना लैजान लागेको बयानमा बताएका थिए । कसले दियो भन्ने प्रश्नमा ठमेलको हिमालय जाभामा भेट भएका एक व्यक्तिले दिएको, तर नाम थाहा नभएको बताए ।

उनकै बयानअनुसार अनुसन्धान टोली हिमालय जाभामा पुग्यो । उनी त्यहाँ गएको पनि पुष्टि भयो । तर, उनलाई बिना दिने व्यक्ति भेट्टाउन सकेन । पछि उनी बस्ने होटेलमाथि प्रहरीले अनुसन्धान गऱ्यो । त्यस क्रममा ठमेलको फेयरफिल्ड मेरियट होटेलमा बसेको खुल्यो । त्यहीं बिनाको कारोबार भएको थियो । होटेलको सिसिक्यामेराको माध्यमबाट भएको अनुसन्धानमा कर्म राप्ते गुरुङको पहिचान भएको हो । उनले नै कोरियामा बिना तस्करी गर्न नेपालमा सहयोगीको काम गर्दै आएका थिए । आफ्नो गाडी तनहुँमा बेवारिसे अवस्थामा राखेर फरार भएका थिए । उनी अहिलेसम्म पक्राउ परेका छैनन् ।

पक्राउ परेका कोरियन नागरिक जुनले विगतमा आफू अन्य सामग्रीको व्यापारका लागि नेपाल आउने गरेको बताएका थिए । तर, के सामग्री भन्ने खुलाउन नसकेकाले बिनाकै तस्करीका लागि आउने गरेको अनुसन्धान अधिकारीको दाबी छ । जुन पहिलोपटक सन् २०१४ को १ अप्रिलमा नेपाल आएका थिए । त्यसयता हरेक वर्ष करिब दुईपटक उनी नेपाल आउने गरेको अध्यागमनको 'ट्राभल रेकर्ड'बाट खुलेको थियो ।

हिमाली जिल्लामा पाइने कस्तुरीको चोरी-सिकारी बढिरहे पनि गिरोहका नाइकेहरू पक्राउ परेका छैनन् । कोरोना लकडाउनको समयमा अन्नपूर्ण संरक्षण क्षेत्रमा कस्तुरीको चोरी-सिकारी भएको थियो । त्यही कस्तुरीको बिना कोरिया तस्करी भएको अनुमान गरिएको छ । नेपालमा वन्यजन्तुको डिएनए परीक्षण गर्ने प्रणाली अझै बन्न सकेको छैन । यदि मृत भेटिएका कस्तुरीको डिएनए गरिएको भए बरामद बिनासँग म्याच गरेर पत्ता लगाउन सहज हुने अनुसन्धानमा आबद्ध सिआइबीका अधिकारी बताउँछन् ।

मेलम्चीको पानी दुई सातापछि पूर्ण क्षमतामा वितरण

बाँकी रहेको नयाँ पाइपलाइनमा पानी परीक्षण जारी, कतिपय स्थानमा विद्युत् प्राधिकरणले पाइपलाइन बिथोलेको आरोप

शिवहरि घिमिरे/नयाँ पत्रिका

मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालयले दुई सातापछि पूर्ण क्षमता (फुलफेज)मा मेलम्चीको खानेपानी वितरण गर्ने भएको छ । आयोजनाले काठमाडौं उपत्यकामा बिछ्याएको एक हजार १० किलोमिटर पाइपलाइनबाट पानी वितरणको तयारी गरेको हो । हाल पाँच सय किलोमिटर नयाँ पाइपलाइन र पाँच सय किलोमिटर पुरानो पाइपलाइनबाट मेलम्चीको पानी वितरण भइरहेको छ ।

पानी नपठाएको पाँच सय १० किलोमिटरमा हाल पानी वितरण परीक्षण भइरहेको र आगामी दुई साताभित्र थप पाइपलाइनमा क्रमशः पानी वितरण सुरु हुने आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी)का प्रोजेक्ट डाइरेक्टर राजेन्द्र सापकोटाले जानकारी दिए । असारसम्ममा पूर्ण क्षमतामा पानी वितरण गरिसक्ने उनको भनाइ छ । त्यसपछि पुरानो पाइपलाइनबाट पानी वितरण गर्न छाडिनेछ ।

हाल मेलम्ची खानेपानी आयोजना वितरण चक्रपथभित्र मात्रै केन्द्रित छ भने यसमा पनि कलंकी र स्वयम्भू क्षेत्रमा पाइपलाइन राखिँदै छ । अन्य क्षेत्रमा भने पुरानो र नयाँ पाइपबाट पानी वितरण गरिँदै आएको छ । बाँकी पाँच सय १० किमिमा आगामी दुई साताभित्र परीक्षण सकेर स्थायी रूपमै सबै नयाँ पाइपबाट मेलम्चीको पानी वितरण गरिनेछ । नयाँ पाइपलाइनबाट पानी वितरण गर्दा चुहावट तथा लिकेजको समस्या नहुने निर्देशनालयका प्रोजेक्ट डाइरेक्टर सापकोटाले जानकारी दिए । यस वर्ष सरकारले १ माघदेखि मेलम्चीको खानेपानी वितरण सुरु गरेको हो । सरकारले मेलम्ची खानेपानी आयोजनाबाट दैनिक १७ करोड लिटर पानी वितरण गर्ने लक्ष्य लिएको छ ।

सरकारले मेलम्चीको बाँध तथा हेडवर्क्स व्यवस्थित नगर्दा आगामी वर्ष पनि बर्खायाममा मेलम्ची पानी बन्द हुने अवस्था छ । हाल अस्थायी रूपमा मेलम्चीको पानी काठमाडौं ल्याइएको छ । बर्खाका वेला बाँध तथा हेडवर्क्समा गेग्रान थुप्रिने र बाँध नै भत्काउन सक्ने भएकाले टनेलको ढोका बन्द गरिँदै आइएको छ ।



■ **राजेन्द्र सापकोटा**, प्रोजेक्ट डाइरेक्टर, मेलम्ची खानेपानी आयोजना कार्यान्वयन निर्देशनालय

हाल उपत्यकामा नयाँ पाइपलाइनबाट पाँच सय किमिमा पानी वितरण भइरहेको छ, बाँकी पाँच सय १० किमिमा पानी परीक्षण भइरहेको छ । आगामी दुई सातापछि क्रमशः सो पाइपबाट पनि पानी वितरण गर्न थाल्छौं ।

■ विद्युत् प्राधिकरणका कारण समस्या

पिआइडीले मेलम्चीको खानेपानी वितरण गर्न यसअघि भूमिगत गरिसकेको पाइपलाइन नेपाल विद्युत् प्राधिकरणले कतिपय स्थानमा बिथोलेको छ । विद्युत्को तार भूमिगत गर्न सडक खन्दा खानेपानीको पाइप फुटेको छ भने कतिपय ठाउँमा प्राधिकरणले पाइप नै निकालिदिएको छ । 'प्राधिकरणबाट काम हुँदा पाइप थिच्चिएको, फुटेको र कतै निकालेर फालेको पनि देखियो,' प्रोजेक्ट डाइरेक्टर सापकोटाले भने, 'यस्तै महानगरको ढल राख्दा पनि पाइपलाइन बिथोलिएको छ ।' उनका अनुसार यस्तो समस्या कमलपोखरी, घट्टेकुलो, ललितपुर पाटन र सानेपा क्षेत्रमा बढी देखिएको छ ।

■ तार भूमिगत गर्दा भएको लापरबाहीले सबैतिर समस्या

नेपाल विद्युत् प्राधिकरणले बिजुलीको तार भूमिगत गर्ने क्रममा फुटपाथ तथा सडक खन्दा सावधानी नअपनाएका कारण ठाउँ-ठाउँमा सडक अस्तव्यस्त बनेको छ । सडक अस्तव्यस्त र भद्रगोल पारेको भन्दै काठमाडौं महानगरपालिकाले ठाउँ-ठाउँमा तार भूमिगत गर्न सडक र फुटपाथ खन्न दिएको छैन । प्राधिकरणले तार भूमिगत गरिसकेपछि सडक पुरानै अवस्थामा पुऱ्याउनुपर्ने भए पनि अलपत्र छाड्ने गरेको छ । जसका कारण अन्य सरकारी निकायले बनाएका सडक संरचना टिकाउ र प्रभावकारी हुन सकिरहेका छैनन् । हाल बागमती करिडोर, धोबीखोला, पुरानो बानेश्वर, ललितपुर-पाटनललगायत क्षेत्रमा प्राधिकरण सडक तथा फुटपाथ बिगारेर छाडेको छ । कतिपय सडकमा तार भूमिगत गर्ने सामग्री फिँजाएर छाड्ने गरेको छ ।

धमाधम छापिँदै पाठ्यपुस्तक

काठमाडौं/ सरकारले आगामी शैक्षिक सत्र ०८०/८१ का लागि पाठ्यपुस्तक छपाइको प्रक्रिया अघि बढेको छ । चालू शैक्षिक सत्रमा पनि सरकारले समयमै पाठ्यपुस्तक छपाइ र वितरण गरेको थियो । आगामी शैक्षिक सत्रका लागि पनि पाठ्यपुस्तक छपाइमा ढिलो हुन नदिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालयले जनक शिक्षा सामग्री केन्द्रको अनुगमन गरेको छ । टोलीले भर्नाअघि नै छपाइसक्ने गरी काम गर्न निर्देशनसमेत दिएको छ । केन्द्रले छपाइको काम सुरु भइसकेको अनुगमन टोलीलाई जानकारी गराएको छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले भर्नाअघि नै विद्यालयमा पाठ्यपुस्तक पुऱ्याउन निर्देशन दिएपछि गत वर्ष युद्धस्तरमा छपाइ कार्य सम्पन्न भएर इतिहासमै पहिलोपटक सबै विद्यार्थीले भर्नासँगै पुस्तक पाएका थिए । यस वर्ष पनि पाठ्यपुस्तक समयमै छाप्न र वितरण गर्ने विषयमा प्रचण्डले जोड दिएका छन् । अनुगमन टोलीसँग कुराकानी गर्दै केन्द्रका प्रबन्ध-निर्देशक अनिलकुमार भाले समयमै पाठ्यपुस्तक पुऱ्याउन आफूहरू प्रतिबद्ध रहेको बताए । 'छपाइका लागि आवश्यक कागज खरिद भइसकेको र छाप्ने काम पनि दुई सिफ्टमा साते दिन, २४सै घन्टा चलिरहेको छ,' भाले भने, 'पुस्तक छपाइसँगै विभिन्न डिपोमा ढुवानी कार्यसमेत सँगै चलिरहेको छ ।' शिक्षा मन्त्रालयले यस वर्षको पुस्तक छपाइका लागि कक्षा १ देखि ४ सम्म निजी क्षेत्रका छापाखाना र कक्षा ५ देखि १२ सम्म जनक शिक्षालले छपाइ गर्ने निर्णय गरेको थियो ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र
श्रीमहल, ललितपुर

मकैको श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादकहरुलाई प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन आवेदन पेश गर्ने सम्बन्धमा

(प्रथम पटक प्रकाशित मितिः २०८० माघ १२ गते शुक्रवार)

बीउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ मा बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, हरिहरभवन, ललितपुरबाट संचालन हुने **अनुमति प्राप्त श्रोत बीउ उत्पादकहरुलाई बीउ बिक्रिको आधारमा प्रोत्साहन अनुदान** कार्यक्रममा सहभागी हुन मकै बालीको श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादनमा संलग्न बीउ उत्पादकहरुलाई subsidy.sqcc.gov.np वेभसाइट वा www.sqcc.gov.np मा कार्यक्रम/प्रणाली (Program/System) अन्तरगत रहेको बीउ व्यवस्थापन प्रणाली (Seed Subsidy Management System) मा देहाय बमोजिमका शर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अपलोड गरी **श्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम** सम्भागमा अनलाइन रजिष्ट्रेसन हुन (यस अघि रजिष्ट्रेसन भएकाले लग इन गर्नुपर्ने) र अनलाइन रजिष्ट्रेसन स्वीकृति भएका योग्य आवेदकहरुले उक्त प्रणालीमा आपूर्ति तथा बिक्री विवरण एवं तोकिएका कागजातहरु समेत सो प्रणालीमा प्रविष्ट गरि प्रोत्साहन अनुदान बापतको रकम भुक्तानीको लागि यस केन्द्रमा आवेदन गर्नुहुन सूचित गरिन्छ ।

शर्त/बन्देज तथा समय सिमा

१. श्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध हुने मकैबालीका जातहरु र प्रोत्साहन अनुदान रकम देहाय बमोजिम हुनेछः

कार्यक्रम	जातहरु	अनुदान रकम प्रति के. जि. रु.
अनुमति प्राप्त श्रोत बीउ उत्पादकहरुलाई बीउ बिक्रिको आधारमा प्रोत्साहन अनुदान	अरुण-१, अरुण-२, अरुण-३, अरुण-४, अरुण-६, रामपुर कम्पोजिट, मनकामना-१, मनकामना-३, मनकामना-४, मनकामना-५, मनकामना-६, मनकामना-७, मनकामना-९, देउती, गणेश-१, गणेश-२, सितला, पोषिलो मकै-१, पोषिलो मकै-२ र रामपुर-४	३०

२. मूल बीउ उत्पादनको अनुमति पत्र प्राप्त कृषक, कृषक समूह, बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी, निजी उद्यमीहरु मात्र यस प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन् ।
३. प्रमाणीकरण पद्दती (Certification system) बाट प्रमाणित गरिएको मूल तथा प्रमाणित बीउका लागि मात्र प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ ।
४. मूल तथा प्रमाणित बीउ उत्पादकहरुले अनलाइन आवेदन (Registration) गरे पश्चात् प्रोत्साहन अनुदान प्राप्तिका लागि स्वीकृत आवेदकहरुले बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ को अनुसूचि २ मा तोकिएका कागजातहरु तथा बीउ आपूर्ति तथा बिक्री विवरण पुनः विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digitally Enabled Seed Management System (DESES) मा प्रविष्ट गर्नुपर्नेछ ।
५. अनुदानग्राहीलाई प्रोत्साहन अनुदान उपलब्ध गराउँदा बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रले तयार गरेको वासलात बमोजिमको मूल तथा प्रमाणित बीउको बिक्री परिमाणको आधारमा मात्र अनुदान उपलब्ध गराइने छ ।
६. भुक्तानीका लागि निवेदन दिँदा श्रोत बीउ खरिद बील, श्रोत बीउ बिक्रेताले वासलात अनुसार बिक्री गरी जारी गरेको बील, श्रोत बीउ खरिद कर्ताले श्रोत बीउ खरिद गरी बुझेको भर्पाइ अनिवार्य रूपमा पेश गर्नु पर्ने छ ।
७. **रजिष्ट्रेसन प्रारम्भ मिति : २०८० माघ १२ गते शुक्रवार**
८. **रजिष्ट्रेसन समाप्त हुने मिति : २०८० माघ २६ गते शुक्रवार**
९. **बीउ आपूर्ति विवरण सफ्टवयेरमा प्रविष्ट गर्ने अन्तिम मिति (जात अनुसार छुट्टा छुट्टै पेश गर्ने) : २०८० फागुन ११ गते शुक्रवार**
१०. **बीउको बिक्री विवरण सफ्टवयेरमा प्रविष्ट गर्ने अन्तिम मिति (जात अनुसार छुट्टा छुट्टै पेश गर्ने) : २०८० फागुन ३० गते बुधबार**
११. अन्य शर्त तथा विस्तृत जानकारीका लागि **बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका,** २०७८ हेर्न सकिनेछ ।

थप जानकारीको लागि

बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र, श्रीमहल, ललितपुर, फोनः ०१-५५२११५१, ९८५१२०९२६६, ९८४५९२४२८०
वेभसाइट : www.doacrop.gov.np इमेलः cdabc2018@gmail.com

प्रभु बैंक लिमिटेड शाखा कार्यालय विराटनगर मोरङका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति २०८०/१०/१२ गते शुक्रबारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिनुभएको कर्जा रकम चुक्ता भुक्तान गर्ने मिति समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्यौंट नगर्नु भएकोले यस बैंकबाट पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउन हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, विराटनगर,मोरङमा** दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) **बैंकको शाखा कार्यालय, विराटनगर, मोरङ्ग**मा दिनको ठीक ३:००(तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी,ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिल

क. ऋणी तथा जमानतकर्ताको विवरणः

ऋणी : नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, विराटनगर मोरङमा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ अन्तर्गत मिति २०७७/११/२८ गते प्रा.फा.र.नं. ३५४११/०७७/७८, स्थानीय व्यापारमा दर्ता भई नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय विराटनगर, मोरङबाट करदाताको नाम खुश्बु कुमारी शर्मा, कारोबारको नाम एराटेक सोलुसन भई मिति २०७६/०२/३० (मु.अ.कर दर्ता मिति २०७७/०४/१४) मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१०७८५५५१ को प्रमाणपत्र प्राप्त **एराटेक सोलुसन । ठेगाना :** जिल्ला मोरङ्ग विराटनगर महानगरपालिका वडा नं.९ ।

प्रोप्राईटर तथा जमानतकर्ता : खुश्बु कुमारी शर्मा
(ना.प्र.नं. ०४-०२-७१-०१९६० जारी मिति २०७१/१०/०५ जारी गर्ने कार्यालय जि.प्र.का. झापा) ।
ठेगाना : जिल्ला झापा दमक न.पा. वडा नं. ११ (हाल दमक.न.पा. वडा नं. ६) ।
हालको ठेगाना : जिल्ला मोरङ्ग विराटनगर महानगरपालिका वडा नं ९ ।
बाबु : गंगा प्रसाद शर्मा ।
ससुरा/पति : ओम प्रकाश विश्वकर्मा/सुभाश चन्द्र शर्मा ।

जमानतकर्ताः सुभाष चन्द्र शर्मा
(ना.प्र.नं.२५४६ जारी मिति २०६३/०६/२६, जारी गर्ने कार्यालय जि.प्र.का सप्तरी) ।
ठेगाना : जिल्ला सप्तरी गम्हरिया प्रवाहा गा.वि.स. वडा नं ६ (हाल डाक्नेधरी न.पा. वडा नं.८) ।
बाबु : ओम प्रकाश विश्वकर्मा ।
बाजे : राज नारायण विश्वकर्मा ।

जमानतकर्ताः अम्बिका कुमारी शर्मा
(ना.प्र.नं.२५४६३, जारी मिति २०४६/०२/०५, जारी गर्ने कार्यालय जि.प्र.का गोरखा)
ठेगाना : जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं २ (हाल राजविराज न.पा वडा नं. १) ।
बाबु : जवर सुथिहर ।
ससुरा : राज नारायण विश्वकर्मा ।
पति : ओम प्रकाश विश्वकर्मा ।

जमानतकर्ताः धर्म नारायण शर्मा
(ना.प्र.नं. ५७५९ जारी मिति २०६२/०३/२२ जारी गर्ने कार्यालय जि.प्र.का सप्तरी) ।
ठेगाना : जिल्ला सप्तरी गम्हरिया प्रवाहा गा.वि.स. वडा नं ६ (हाल डाक्नेधरी न.पा. वडा नं.८) ।
बाबु : ओम प्रकाश विश्वकर्मा । बाजे : राज नारायण विश्वकर्मा ।

जमानतकर्ता : ओम प्रकाश विश्वकर्मा
(ना.प्र.नं. ११०८३७५५ जारी मिति २०३६/०६/२३, जारी गर्ने कार्यालय जि.प्र.का सप्तरी) ।
ठेगाना : जिल्ला सप्तरी चपेना गा.वि.स. वडा नं.५ (हाल डाक्नेधरी न.पा. वडा नं.८) ।
बाबु : राज नारायण विश्वकर्मा । बाजे : वचन विश्वकर्मा ।

ख.लिलाम बिक्री हुने सम्पत्तिको विवरणः

१. ओम प्रकाश विश्वकर्माको नाममा मालपोत कार्यालय राजविराज सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं ६ नक्सा सिट नं. ६ स्थित कित्ता नं.९२१ र ११०५ क्षेत्रफल ०-०-५-० र ०-०-५-० (विघा) घरजग्गा तथा सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत...१
२. ऋणी **एराटेक सोलुसन**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण १

पुनश्चः

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय,बबरमहल,काठ्माण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय विराटनगर मोरङ्ग**बाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा र शाखा कार्यालय विराटनगर मोरङ्गमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

स्वास्थ्यकर्मी पलायनमाथि प्रश्न

नयाँ पुस्ताका विशेषज्ञलाई योग्यताअनुसार रोग निदानदेखि विभिन्न उपचार सेवामा उच्च मनोबलसाथ संलग्न हुने वातावरण सिर्जना गर्न सके पलायनमा कमी आउन सक्छ



● प्राडा ढुण्डीराज पौडेल

अग्रलेख

अहिले अन्य विधाका जस्तै उल्लेख्य संख्यामा नर्ससहित चिकित्सक पनि उच्च अध्ययन, तालिम र रोजगारीका नाममा बिदेसिइरहेका खबर बारम्बार सम्प्रेषित भइरहेका छन्। मेडिकल काउन्सिलको तथ्यांकलाई यकिन मान्न सकिन्न, किनकि सो संस्थाबाट अनुमति लिनेको संख्या र विदेश पलायन हुनेको संख्याबीच तादात्म्य रहेको हुन्न। विदेश जाने प्रक्रिया थालेसँगै 'नो अब्जेक्सन लेटर' लिनुपर्ने बाध्यता रहन्छ। काउन्सिलमा हालसम्म दर्ता भएका ३५ हजार चिकित्सकमध्ये हालसम्म स्वदेशमै कति कार्यरत होलान् ? त्यसको यकिन संख्या अहिले काउन्सिलसँग छैन। अब अद्यावधिक गराउन आवश्यक पनि भएको छ। चिकित्सा शिक्षा आयोग क्रियाशील भएसँगै चिकित्सा शिक्षाको मुख्य दायित्वबाट अलगिएको काउन्सिलमा अहिले पनि आठ निर्वाचितसँगै २२ पदाधिकारी छन्। अब काउन्सिललाई सानो, चुस्त र चिकित्सक र चिकित्सा सेवाको प्रभावकारी नियमन गर्न सक्षम कामकाजी बनाउन आवश्यक छ। बरु समग्र एलोप्याथिक चिकित्सा सेवाको स्तर नियमन गरी सेवाग्राहीको अधिकार सुनिश्चितता गर्न तथा अन्य नियामक निकायसँग समन्वय गर्ने दायित्वसमेत वहन गर्न आवश्यकताअनुसार ऐनको संशोधन आवश्यक छ। नेपाल मेडिकल एसोसिएसनजस्तो व्यक्तिगत निर्वाचनभन्दा मेडिकल काउन्सिलमा विशेषज्ञका विभिन्न समाजबाट प्रतिनिधित्व हुने व्यवस्था मिलाउनु श्रेयष्कर हुन्छ। व्यक्ति, संस्था एवं सरकारहरूबाटै स्वास्थ्य क्षेत्रमा हुने गरेका उदेकलाग्दा घटनाउपर मेडिकल काउन्सिलले लाचारी देखाउनुपर्ने बाध्यता छ। यसको मुख्य कारण कानुनी अपूर्णता र नियामक निकाय एसोसिएसन पनि पेसागत संगठनझैं बन्नु हो।

चिकित्सकको विदेश पलायनको क्रम भर्खरै मात्र सुरु भएको होइन। स्वदेशमा उचित अवसर नपाएपछि विदेश जानु बाध्यता, अधिकार दुवै हो। तर, मुलुकका जिम्मेवारहरूले बुझ्नुपर्ने तथ्य हो, बंगलादेश, चीनलगायत देशमा सहज रूपमा एमबिबिएस पढ्न पाएजस्तो विदेशमा चिकित्सकीय काम पाउन सजिलो छैन। एमएमबिबिएसपश्चात् अमेरिका, बेलायत, अस्ट्रेलियादेखि अरब मुलुकमा समेत चिकित्सकीय रोजगारी एवं तालिम पाउन निकै खरो रूपमा उत्रनुपर्छ। अहिले जति नर्स उत्पादन गरे पनि बेलायत, अस्ट्रेलिया आदि देशमा सहजै काम पाइने कुरा पनि सत्य होइन। आफ्नो शिक्षण अस्पताल नै नभई व्यावहारिक क्लिनिकल तालिमविनाको कोरा प्रमाणपत्रले स्वदेशको लाइसेन्स परीक्षा उत्तीर्ण गर्नसमेत हम्मेहम्मे पर्ने रहेछ भन्ने प्रमाण पछिल्लो समयको नतिजाले प्रस्ट पारेको छ। नेपालमा स्टाफ नर्सदेखि नर्सिङमा स्नातक गरेकासमेत ठूलो संख्यामा बेरोजगार छन्, कोही विनापारिश्रमिक या अत्यन्त न्यून पारिश्रमिकमा काम गर्न बाध्य छन्। कोही चरम शोषणको सिकार बन्न पुगेका छन्। एकाध सयले मात्र खरो उत्रिएपछि विदेशमा रोजगारी पाएका पनि छन्।

नेपालका चिकित्सक विदेश जाने मात्र नभई विदेशमा कार्यरत कैयौं उच्च योग्यता र दक्षता प्राप्त विशेषज्ञ चिकित्सकसमेत स्वदेश फर्केर सेवा गर्न इच्छुक छन्। हालै भारतको एम्सबाट 'हेड एन्ड नेक'मा एमसिएचको उपाधि हासिल गर्ने पहिलो चिकित्सकले बल्लतल्ल वीर अस्पतालमा स्थान पाएका छन्। मुटुका दक्ष शल्य चिकित्सकदेखि भारतकै मेदान्तजस्ता अस्पतालमा कार्यरत अंग प्रत्यारोपणमा दक्षता हासिल गरेका चिकित्सकसमेत स्वदेशमा आई सेवा प्रदान गर्न तयार छन्। तर दुर्भाग्य, दृष्टि र असल नियत नभएका नेतृत्वदेखि वरिष्ठ एवं अग्रजसमेत आफ्नो विरासतभन्दा अलग युवा विशेषज्ञ चिकित्सकको आरिसले उडान भर्न खोज्ने पखेटा काट्न उद्यत् देखिन्छन्। यसबारे केही सांसद पनि जानकार छन्। दशकौंअघि आफूले हासिल गरेको उपाधिका भरमा सधैं नाम र चर्चा पाइरहन स्वयं नै उत्कृष्ट भएको दाबी गर्न पुराना पुस्ताका हामी चिकित्सकलाई सुहाउँदैन।

०५० मा धरानमा प्रतिष्ठानको स्थापना र निजी क्षेत्रमा मेडिकल कलेज खुल्नुअघि वैदेशिक छात्रवृत्तिबाहेक स्वदेशमा चिकित्सा शिक्षा पढ्न महाराजगन्ज क्याम्पस मात्रै विकल्प थियो। वैदेशिक छात्रवृत्ति एवं स्वदेशमा पनि सीमित व्यक्तिलाई अत्यन्तै न्यून शुल्कमा चिकित्सक बन्ने अवसर प्राप्त हुन्थ्यो। स्वदेशमा न्यून चिकित्सक हुनुको बाबजुद पनि ५० को दशकबाट तोकिएका चरणबद्ध परीक्षा दिएर अमेरिका जाने लहर चल्न थाल्यो। उदाहरणका रूपमा पंक्तिकारकै ब्याचका ३० जनामध्ये १० जनाजति त अमेरिकालगायत देशमा कार्यरत छन्। उनीहरूमध्ये अपवाद मात्रै स्वदेश फर्किएका छन्। एमबिबिएस मात्रै होइन, चण्डिगढ भारतबाट मुटुमा डिएम जस्तो उच्च योग्यता प्राप्त विशेषज्ञ चिकित्सकले समेत एमबिबिएस उत्तीर्ण आफ्नै विद्यार्थीसँगै अमेरिकाको लाइसेन्स परीक्षा उत्तीर्ण गरी त्यहाँको आधारभूत कार्यक्रम एमडीको रेजिडेन्सी कार्यक्रममा भर्ना हुन पुगेका थिए। यसको मुख्य कारण आर्थिक नै रहेको थियो भन्न हिच्किचाउनुपर्दैन।

नेपालमा चिकित्सा मात्रै होइन, अन्य विषयमा प्रमाणपत्र तह पढ्दा नै विद्यार्थी सुखद एवं सहज जीवनको खोजीमा अरब, मलेसिया, कोरिया, जापान, अस्ट्रेलियालगायत मुलुक जाने सपना देख्न थाल्छन्। केहिले मात्र नेपालमै स्नातक गर्ने र अहिलेसम्म निष्पक्ष ठानिएको लोकसेवा आयोग (अझै पारिवारिक प्रेरणा) बाट अधिकृत वा राजपत्र अनंकित पदमै भए पनि सरकारी सेवा प्रवेश गर्ने विचार बनाउँछन्। एउटै परिवारका कैयौं व्यक्ति निजामती सेवामा प्रवेश गरेको पाइनु सायद यसैको कारण होला। लोकसेवाका कारण अन्य सरकारी सेवामा पनि लिखित परीक्षा केही निष्पक्ष नै हुने अपेक्षा गरिन्छ। निजामतीबाहेक चिकित्सा र इन्जिनियरिङ विधामा पनि स्नातक या विशेषज्ञता हासिल गरेपछि सरकारी सेवामा प्रवेश गर्न चाहनेको संख्या उल्लेख्य छ। मेडिकल अधिकृत आठौं, नवौं या एघारौं तहका विशेषज्ञको कुल रिक्त पद संख्याको १० प्रतिशतका लागि लिइने लिखित खुला प्रतिस्पर्धामा पनि ठूलो अनुपातमा योग्यता प्राप्त विशेषज्ञ प्रतिस्पर्धी बन्ने गरेका छन् र हाल कार्यरत पनि छन्।



विशेषज्ञ चिकित्सकका समस्या : ठूलो समय, मिहिनेत र आर्थिक लगानी गरी एमबिबिएस, एमएस, एमडी, डिएम, एमसिएच आदि गरेर सेवा प्रवेश गरे पनि निजहरूले पाउने पारिश्रमिक भनेको त्यही ४०-५० हजार हो। हाल नेपालमा बढीमा २० प्रतिशत चिकित्सकको मात्रै निजी व्यवसायबाट मनग्य आम्दानी होला। आफ्नो आम्दानी पारदर्शी बनाउनेदेखि पारिश्रमिक केही बढी पाउने मेडिकल कलेजका प्राध्यापक चिकित्सकले ४० प्रतिशतजति त कर नै बुझाउनुपर्ने हुन्छ। त्यसैले टाठाबाठाले अनेक जुक्ति लाएर आम्दानी लुकाएर करछली गर्छन् भने सो नलुकाउने वार्षिक बीस लाखभन्दा माथिको आम्दानी हुनेले न्यूनतम ३६ प्रतिशत (वार्षिक २४ लाख आम्दानी गर्नेले नौ लाखजति) कर तिर्नुपर्ने अवस्था छ। करबापत सरकारबाट शिक्षा, स्वास्थ्य या अन्य कुनै सेवामा कुनै सहुलियत या सुविधा केही छैन। अन्य कुनै सामाजिक सेवा पनि उपलब्ध छैन। अत्यावश्यक निजी सवारी साधनमाथिको कर पनि उच्च छ। नेपालमा प्रचार या प्रोपोगान्डा गर्न नजान्ने, विरासत नभएका तथा राजनीतिक पहुँच पुऱ्याउन नसकी आकर्षक स्थानमा नियुक्ति नपाएका दक्ष नयाँ विशेषज्ञ चिकित्सकको निजी व्यवसाय पनि नचल्दा बहुसंख्यक चिकित्सकलाई दैनिक आवश्यकता पूर्तिकै लागि समेत सकस भइरहेको अवस्था छ। अन्य प्रशासनिक पदमा जस्तो सेवाग्राहीबाट अतिरिक्त लाभ लिने गुन्जायस पनि रहन्न। अहिले नेपालमा उच्चस्तरीय विशेषज्ञ सेवा प्रदान गर्न सक्षम विशेषज्ञ चिकित्सकलाई विभाग एवं मन्त्रालयका असम्बद्ध शाखामा खटाइएको अवस्था छ। आन्तरिक मूल्यांकन नै गर्न नपाउने कनिष्ठलाई प्रमुखको जिम्मेवारी दिइन्छ। अझै प्रादेशिक र पालिकास्तरका चिकित्सकले आफूभन्दा तल्लो तहका कनिष्ठहरूको खटनपटन र दबाबमा काम गर्नुपर्ने बाध्यता छ। सरकारी चिकित्सकहरू सोही तहका अन्य गैरचिकित्सक पदाधिकारीले राज्यबाट पाउने सवारी सुविधाबाट समेत वञ्चित छन्। यस विषयमा कहिल्यै सुनुवाइ भएन। यदि नयाँ पुस्ताका योग्य विशेषज्ञ चिकित्सकलाई सरकारी सेवामा प्रवेश गराई काममा लगाउने हो भने ऐन संशोधन गरी विशेषज्ञताको नवौं र दसौंका छुट्टै दरबन्दी सिर्जना गरिनुपर्छ। यसो गर्न सके हाल बेरोजगार विशेषज्ञलाई ठूलो संख्यामा सरकारी सेवामा प्रवेश गराउन सकिन्छ।

> स्वदेशको चिकित्सा सेवामा लगानी र सेवा गर्न चाहने विशेषज्ञ चिकित्सकलाई आकर्षित गर्न सके भारतमा जस्तो विभिन्न देशमा कार्यरत प्रत्यारोपणलगायत सेवामा उच्चस्तरीय दक्षता भएका चिकित्सकलाई स्वदेश निम्त्याएर भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउन सकिन्छ

एमबिबिएसपश्चात् लिइने सक्षमता परीक्षाको अंकलाई आधार बनाएर निजहरूलाई वर्गीकरण गरी अंकका आधारमा विशेषज्ञ तालिम एवं सो प्रयोजनका लागि मेडिकल अधिकृतका रूपमा खटाउन सकिन्छ।

एक चिकित्सक, एक संस्था खोइ ? : मस्तिष्कमा ज्ञान र हातमा सीप भएका नयाँ पुस्ताका विशेषज्ञलाई योग्यताअनुसार रोग निदानदेखि विभिन्न उपचार सेवामा उच्च मनोबलसाथ संलग्न रहने वातावरण सिर्जना गर्नु राज्यको दायित्व हो। यसका लागि निजहरूको खटाइ र कार्य सम्पादनअनुसार उचित पारिश्रमिक प्रदान गर्ने हो भने हाल प्रदान हुँदै आएको सेवामा उल्लेख्य अभिवृद्धि ल्याउन सकिन्छ। यसका लागि सरकारले पटक-पटक घोषणा गरेको एक चिकित्सक एक संस्थाको कार्यक्रम किन कार्यान्वयन हुन सकेन ? सरकारी अकर्मण्यता र केही स्वार्थीहरूको दबाबका कारण यो कार्यान्वयन हुन नसकेको प्रस्ट छ।

स्वास्थ्य बिमामा परिमार्जन र विस्तार : सरकारी अस्पतालमा पर्याप्त मात्रामा सेवा उपलब्ध नरहेको परिवेशमा सोही मूल्यमा शिक्षण एवं अन्य अस्पतालमा उपचार सेवा प्राप्त हुने गरी लागू भएको स्वास्थ्य बिमा कार्यक्रम बन्द गरिनु दुर्भाग्यपूर्ण छ। बरु सो बिमा कार्यक्रममा रकमको सीमा बढाएर अहिले नसमेटिएका विभिन्न सेवाजस्तो इएनटीसँग सम्बन्धित कान पाकेको शल्यक्रिया, नाल एवं पिनासको फेस शल्यक्रिया, निश्चित मूल्यको श्रवण यन्त्रलगायत सेवा थप्नुपर्थ्यो। यस्ता सेवा नसमेट्ने तर फगत आर्थिक लाभ र कमिसनका लागि, भारतमा निर्मित अनावश्यक दसौं हजार मूल्यका भिटामिन प्रोटिनका पूरक क्याप्सुलबाट बिमालाई करोडौंको आर्थिक बोझ थपिएको तथ्यलाई बेवास्ता गर्नु विडम्बना हो। स्वास्थ्य बिमाअन्तर्गत पनि अतिरिक्त सेवा गर्न चाहने चिकित्सकलाई अतिरिक्त पारिश्रमिक प्रदान गरे शल्यक्रिया सेवासहितको उपचार प्राप्त गर्न लामो समय पर्खनुपर्ने थिएन।

उपचारमा आर्थिक शोषणको अन्त्य : आर्थिक लाभ, महँगा उपहार एवं वैदेशिक भ्रमणको प्रयोजनका लागि रोग निदानसम्बन्धी अनावश्यक महँगा परीक्षण, महँगा औषधिको प्रेस्क्रिप्सनबाट बिरामीमाथि आर्थिक भार थपिने गरेको छ। विशेषगरी मुटुरोग, क्यान्सर, मानसिक रोग, मस्तिष्क, स्नायु आदि सम्बद्ध रोगमा प्रयुक्त हुने औषधि, प्रविधि एवं उपकरणमा सेवाग्राहीको ठूलो आर्थिक शोषण हुने गरेको छ। वास्तवमा पारिश्रमिक एवं आर्थिक लाभका लागि समेत महँगा आइसियूमा भर्ना, अनावश्यक परीक्षण, शल्यक्रियासहितका उपचारसमेत हुन पुग्छन्। यस्तो शोषण रोकिनुपर्छ।

करछुट र सुविधा : नेपालको कर प्रणाली नै अवैज्ञानिक र अविवेकी छ। करको दायरा नै अप्रगतिशील र अपारदर्शी भएकाले आम्दानी लुकाउने, बरु सो प्रयोजनका सम्बन्धित व्यक्तिलाई आर्थिक लाभ पुऱ्याउने प्रवृत्ति छ। अव्यावहारिक भएकाले अन्य व्यवसायजस्तै चिकित्सक पनि आम्दानी लुकाउन बाध्य हुन्छन्। त्यसैले, अर्बौंको कारोबार हुने चिकित्सा सेवाबाट अत्यन्तै न्यून कर उठ्ने गर्छ। चिकित्सा व्यवसाय एवं पारिश्रमिकमा लाग्ने करलाई विशिष्टताका आधारमा तोक्न र व्यावहारिक बनाउन अत्यावश्यक छ। यत्ति गर्न सकियो भने स्वदेशमा चिकित्सा सेवामा लगानी र सेवा गर्न चाहने विशेषज्ञ चिकित्सकलाई आकर्षित गरी भारतमा जस्तो अमेरिका, बेलायत, अस्ट्रेलिया, युरोप आदि देशमा कार्यरत प्रत्यारोपणलगायत सेवामा उच्चस्तरीय दक्षता भएका चिकित्सकलाई स्वदेश निम्त्याएर भरपर्दो स्वास्थ्य सेवा उपलब्ध गराउन सकिन्छ।

(हाल नेपालगन्ज मेडिकल कलेजमा कार्यरत प्राडा पौडेल नेपाल मेडिकल काउन्सिलका पूर्वकार्यकारी सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **हरि रोका**लाई



एमालेले सरकारसामु पेस गरेको ७५१ बुँदे मागपत्रलाई कसरी हेर्नुभएको छ ?

प्रतिपक्षमा बस्ने दलले समयसमयमा आफ्ना असन्तुष्टि राख्नुपर्छ। यसले सरकारलाई सचेत गराउँछ। सच्चिन दबाब दिन्छ र कमी कमजोरी सच्याउन घचघच्याउँछ। ७५१ बुँदे मागपत्रमार्फत एमालेले प्रतिपक्षी धर्म निर्वाह गरेको छ।

एमालेले आन्दोलन गर्ने बताइरहेको छ। यसले के संकेत गर्छ ?

सत्तासितको बार्गेनिङ बलियो बनाउन एमालेले आन्दोलनको हल्ला फिँजाएको हुन सक्छ। किनकि, कुनै पनि आन्दोलन घोषणा गर्दा कसका लागि र केका लागि भन्ने धेय प्रस्ट हुनुपर्छ। तर, एमालेले भनेको यो आन्दोलन अहिलेको व्यवस्थाभित्र केका लागि गर्ने हो ? प्रस्ट छैन। राजनीतिक, सामाजिक या आर्थिक कुनकुन विषयमा कुनकुन मुद्दामा आधारित भएर आन्दोलन गर्न खोजिएको हो, त्यो पनि प्रस्ट छैन। उसले आफू सत्तामा हुँदा केके गऱ्यो र केके गर्न सकेन ? उसलाई अहिले चित्त नबुझेको विषय केके हुन् ? प्रस्ट पारेको छैन। हो, देशमा समस्या छन्। तर, एमालेले समस्या मात्र देखाएर हुँदैन। उसले समाधानका उपायहरू पनि सुझाउन सक्नुपर्छ। देशमा बेरोजगारी समस्या चर्को छ। कृषि उत्पादनको अवस्था निकै कमजोर छ। तर, यस्ता समस्याको समाधान गर्ने प्रस्ट खाका खै त ? त्यसैले, एमालेको आन्दोलन गर्ने घोषणा धम्की नै हो।

आन्दोलनको हल्ला सत्ताबाहिर हुनुको आक्रोश मात्र हो त ?

सरसर्ती हेर्दा त्यस्तै देखिन्छ। एमालेको आन्दोलनको हल्ला सत्ताबाहिर हुँदाको छटपटी या आक्रोशबाहेक केही होइन।

प्रेरक प्रसंग

वृद्धको साहस

एक राजा सनकी स्वभावका थिए। उनी ससाना गल्तीमा पनि मानिसलाई मृत्युदण्ड दिन्थे। दरबारमा निकै सुन्दर ३० वटा फूलदान थिए। तिनलाई निकै सुन्दर तरिकाले सजाएर राखिएको थियो। उनका लागि ती फूलदान निकै प्रिय थिए।

एक दिन उनका एक सेवक फूलदानको सफाइ गरिरहेका थिए। भूलवश उनको हातबाट एउटा फूलदान खस्यो र फुट्यो। यो खबर राजाकहाँ पुग्यो। खबर सुन्नासाथ उनी रिसले आगो भए। उनले तत्काल ती सेवकलाई मृत्युदण्डको आदेश दिए। राजाको त्यो आदेशबारे उनको राजधानी सहरको एक कुनामा बस्ने वृद्धले पनि सुने। त्यसपछि उनी हतारहतार राजदरबार पुगे। उनले आफूले फुटेको फूलदान जोड्न सक्ने दाबी गरे। उनको दाबी सुनेपछि राजाले उनलाई फूलदान राखेको ठाउँमा जान दिए। ती वृद्ध सबै फूलदान सजाएर राखेको ठाउँमा पुगे। उनले त्यहाँ फुटेको फूलदानका टुक्रा र बाँकी २९ सद्दे फूलदान देखे। फूलदान देख्नासाथ वृद्धले एकएक गरेर सबै फूलदान फुटाएर चकनाचुर पारिदिए।

हेर्दाहेर्दै सबै फूलदान धुलो भएको खबर राजाकहाँ पुग्यो। उनले तत्कालै वृद्धलाई बोलाएर भने- हे मूर्ख, मेरा प्रिय फूलदान फुटाउनेले के सजाय पाउँछ भन्ने तँलाई थाहा छैन कि के हो ? कि तँ बहुलाइस् ? नत्र मेरो दरबारमा आएर मेरा फूलदान यसरी धुलोपिठो पार्ने साहस कसरी गरिस् तैँले ? राजाको प्रश्न सुनेपछि वृद्धले दृढतापूर्वक जवाफ दिए- महाराज, मलाई थाहा छ, फूलदान फुटाउनेलाई हजुर मृत्युदण्ड दिनुहुन्छ। भर्खरै पनि एउटा फूलदान फुटाउनेलाई हजुरले मृत्युदण्डको आदेश दिनुभएको छ। त्यसैले, मैले थप २९ मानिसको हत्या हुनबाट रोक्न यी सबै फूलदान फुटाइदिएँ। आखिर यी फूलदान सद्दे नै रहिरहेका भए कुनै पनि वेला अरूले पनि मृत्युदण्ड पाउन सक्ने थिए। त्यसैले, अब उनीहरू सुरक्षित भएका छन्। अब तपाईं मलाई जस्तोसुकै आदेश दिन सक्नुहुन्छ। मलाई कुनै पछुतो पनि छैन।

वृद्धको दृढतापूर्ण जवाफ सुनेर राजाका आँखा खुले। उनले पहिले दिइसकेको मृत्युदण्डको आदेश पनि फिर्ता लिए र वृद्धलाई पनि ससम्मान बिदा गरे।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

न्युरोडमा पार्किङ कति जरुरी छ ?

न्युरोडमा पार्किङ जरुरी छ या छैन, यो बहसको विषय बन्न सक्छ। तर, न्युरोडबाट पार्किङ विस्थापित गर्दा त्यहाँको व्यापार व्यवसाय चौपट हुन्छ भन्नुचाहिँ गलत पनि हुन सक्छ। किनकि, यो भनेको पछि अर्थात् भविष्यको कुरो हो। भविष्यमा ठ्याक्कै यस्तै हुन्छ भन्ने ठोकुवा कसैले पनि गर्न सक्दैन। यही कुरा दुई-तीन महिनापछि गरेको भए हो कि भन्न सकिन्थ्यो। अर्को कुरा, त्यहाँ पार्किङ गरेका सबै सवारीधनी न्युरोडकै ग्राहक हुन् भन्ने सोच पनि गलत हो। रिपोर्ट नै तयार पार्ने हो भने पार्किङवालाभन्दा सार्वजनिक यातायात चढेर आउने ग्राहक नै धेरै हुन सक्छन्। अतः बालेनले पार्किङ हटाएर सही गरे वा गलत, त्यसका लागि दुई-तीन महिना त कुर्नैपर्छ।

● **मानबहादुर तामाङ**, काठमाडौं
maanlama75@gmail.com

भ्रष्टाचारीहरू उम्किन नपाऊन्

'नेपालमा भ्रष्टाचार, सिंगापुरमा नियुक्ति र अमेरिकामा पिआर' शीर्षकको समाचार पढेपछि केही लेख्न मन लाग्यो। नेपालमा भ्रष्टाचारका विषय बारम्बार सार्वजनिक भइरहन्छन्। भ्रष्टाचारका विषयमा छानबिन पनि भएका सुनिन्छन्। तर, भ्रष्टाचारका आरोपी या अभियुक्तहरूले सजाय पाएको समाचार भने खासै सुनिन्न। यदाकदा भ्रष्टाचारीले सजाय पाइहालेको अवस्थामा पनि 'ठूला माछा' उम्किने र 'भुरा माछा' फस्ने गरेको देखिन्छ। यसपटक सूचना प्रविधिसम्बद्ध ठेक्का प्रकरणमा त्यस्तो नहोस्।

● **गोकर्ण विक**
सानोठिमी, भक्तपुर

अध्यागमनको स्वागतयोग्य काम

अध्यागमन विभागमा 'अटोमेसन' प्रणाली लागू गरिएपछि सेवाग्राहीले १० मिनेटभित्रै सेवा पाइसक्ने समाचार पढ्दा खुसी लाग्यो। घन्टौं लाइन बसेर लिनुपर्ने झन्झटिलो सेवा केही मिनेटभित्रै पाइसक्ने समाचारले सम्पूर्ण सेवाग्राहीलाई नै खुसी दिएको छ। तर, कुनै दिन प्रणालीमा समस्या आयो भन्दै पुनः पुरानै प्रणालीमा फर्काइने त होइन ? गम्भीर प्रश्न पनि सँगसँगै छ। त्यसैले, विभागले सुरु गरेको प्रणालीले बढीभन्दा बढी सेवाग्राहीलाई द्रुत सेवा प्रदान गरोस्।

● **वन्दना बजिमय**
टेकु, काठमाडौं

गोकर्णेश्वरको भवन किन बनेन ?

काठमाडौंको गोकर्णेश्वर नगरपालिकाको भवन अहिलेसम्म किन बनेन ? प्रक्रिया पूरा गरिसकेपछि रोक्यो चाहिँ केले ? यसै टिप्पणीमार्फत सोध्न चाहन्छु। तर, सोध्ने कसलाई हो, थाहा छैन। धेरैपटक जान्ने कोसिस गर्दा पनि कहीँकतैबाट उत्तर आएन। किन भवन बनेन ? नगरवासी जान्न चाहन्छन्। स्थानीय सरकार स्थानीय जनताको सरकार भए पनि त्यो अनभूत हुन सकेको छैन। त्यही कारण पनि पत्रिकामार्फत प्रश्न सोध्नुपरेको हो।

नगरपालिकाको भवन बनाउने भनेर त्यहाँ भएको बजार सारेको एक वर्ष भइसक्यो। यदि भवन बनाउनु नै थिएन भने त्यहाँको बजार किन हटाइयो ? कम्तीमा बजार हटाएपछि काम त सुरु गर्नुपर्ने हो नि ! नगरपालिकाको भवन नबन्दा मासिक लाखौं घाटा भइरहेको छ। त्यसतर्फ स्थानीय सरकारको ध्यान किन गएन ? सँगैको कागेश्वरी मनोहरा नगरपालिकाले आफ्नो सानदार भवन निर्माण गरिसक्यो। चाँगुनारायण नगरपालिकाले आफ्नै भवन बनाइसक्यो, तर गोकर्णेश्वर नगरपालिकाको भने भवन बनाउने साइत किन जुरेन ?

अघिल्लो कार्यकालका मेयरसाबले नगरपालिकाको भवन बनाउने सम्पूर्ण कार्य पूरा गरिसकेको सुन्नमा आएको थियो। भवन बनाउन टेन्डर परिसकेको, डिपिआर तयार भइसकेको र ३५ करोडमा ठेक्का सम्झौता पनि भइसकेको सुनिएको थियो। सबै प्रक्रिया पूरा भएको थियो भने भवन अझै किन बनेन ? हामी नगरवासीलाई जवाफ चाहियो।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

पत्रकार थुन्नमा इजरायल अग्रपंक्तिमा

आफूलाई मध्यपूर्वको एक मात्र लोकतन्त्र र मिडिया स्वतन्त्रताको ठेकेदार दाबी गर्ने इजरायल पत्रकार थुन्ने मामिलामा छैटौं स्थानमा छ



देश/विदेश

● पिटर ग्रेस्टे

न्युयोर्कमा आधारित कमिटी टु प्रोटेक्ट जर्नलिस्ट (सिपिजे) ले हालै सार्वजनिक गरेको नयाँ आँकडाअनुसार पत्रकारलाई गिरफ्तार गर्ने विश्वकै अग्रणी सूचीमा इजरायल पनि पर्छ। हरेक वर्ष कमिटीले जेलमा रहेका पत्रकारको सूची प्रकाशित गर्छ १ डिसेम्बर २०२३ सम्मको आँकडा हेर्दा विश्वभर तीन सय २० पत्रकारलाई गिरफ्तार गरिएको छ। गतवर्षको आँकडा योभन्दा बढी अर्थात् तीन सय ६३ थियो। तर, यति भन्दै गर्दा यो पनि चिन्ताजनक आँकडा हो।

पत्रकार गिरफ्तार गर्ने मामिलामा सबैभन्दा माथिल्लो स्थानमा चीन रहेको छ, जसले ४४ जना पत्रकारलाई गिरफ्तार गरेको छ। त्यसपछि, म्यानमार दोस्रो स्थानमा छ, जहाँ ४३ पत्रकार थुनिएका छन्। यसैगरी बेलारुस, रुस र भियतनाममा थुनिने पत्रकारको संख्या क्रमशः २८, २२ र १९ छ। र, इजरायल र इरान पत्रकार गिरफ्तार गर्ने सूचीमा समान स्थान छैटौं स्थानमा छन्। यी दुवै मुलुकले १७-१७ जना पत्रकारलाई गिरफ्तार गरेका छन्। उसो त गिरफ्तार हुने पत्रकारको संख्या घट्नु सकारात्मक हो, तर तथ्यांकले केही अप्ठ्यारा प्रवृत्ति झल्काउँछ। गिरफ्तारीको सोझो आँकडाका अलावा सिपिजेले थुनिएका पत्रकारमाथि लागेको आरोपबारे पनि अभिलेख राख्छ। पैरवी समूह सिपिजेका अनुसार दुईतिहाइभन्दा बढी पत्रकार 'राज्यविरोधी अभियोग' अर्थात् जासुसी, आतंकवाद, झुटो समाचारलगायत अभियोगमा पक्राउ परेका छन्। अर्को शब्दमा भन्ने हो भने राज्यले पत्रकारितालाई अस्तित्वकै संकटका रूपमा हेरिरहेको छ, अर्थात् पत्रकारविरुद्ध राज्यहरूले राष्ट्रिय सुरक्षा कानुन प्रयोग गरिरहेका छन्।

एकाध पत्रकारमाथि राष्ट्रिय सुरक्षाका कानुन लगाइनु ठिकै हो भन्न पनि सकिएला, तर पत्रकारमाथिका हरेक अभियोगलाई राष्ट्रिय सुरक्षासँग जोड्नु अस्वाभाविक हो। यसले सरकारले सूचना र मिडियालाई आफ्नो शत्रु ठान्छ भन्ने देखाउँछ। यसले पत्रकारलाई खतरनाक अवस्थामा पुऱ्याइदिन्छ र कहिलेकाहीं नृशंस हिंसाको चपेटामा पनि पारिदिन्छ।

पत्रकारलाई गिरफ्तार गर्ने मामिलामा चीन अग्रणी स्थानमा हुनु अस्वाभाविक होइन, किनभने यो सूचीमा चीन वर्षौंदेखि अगाडि नै छ। पत्रकारमाथि हुने सेन्सरसिप (नियमन) का कारण कतिजना पत्रकार जेलमा छन्, त्यो पत्ता लगाउन निकै गाह्रो काम हो। तर, सन् २०२१ मा हङकङमा लोकतन्त्रको माग गर्ने अभियन्तामाथि भएको दमनका क्रममा त्यहाँका धेरै पत्रकार पहिलोपटक गिरफ्तार भएका थिए। चीनमा पक्राउ परेकामध्ये आधाजति पत्रकार सिन्जियाङका उइगुर छन्। स्मरण रहोस्, बेइजिङलाई सिन्जियाङ क्षेत्रका अल्पसंख्यक जातीय मुसलमानमाथि दमन गरेर मानवअधिकार उल्लंघन गरेको आरोप लाग्दै आएको छ। पत्रकार थुन्ने बाँकी चार मुलुकको कुख्याति पनि अस्वाभाविक होइन। तर, छैटौं स्थानमा रहेका दुई मुलुकले अचम्मित बनाएका छन्। ६२ जना पत्रकारलाई थुनेर सन् २०२२ मा 'स्वर्ण पदक' पाएको इरान यसपटक १७ पत्रकार थुनेर छैटौं स्थानमा पुगेको छ। त्यसैगरी इजरायल, जसले सन् २०२२ मा एकजना पत्रकारलाई मात्रै थुनेको थियो, अहिले १७ पत्रकारलाई थुनेर छैटौं स्थानमा पुगेको छ। इरानी पत्रकारका लागि यो सकारात्मक अवस्था हो, तर आफूलाई बारम्बार मध्यपूर्वको एक मात्र लोकतन्त्र र मिडिया स्वतन्त्रताको ठेकेदार दाबी गर्ने राष्ट्र इजरायल छैटौं स्थानमा आउनु भने अनौठो हो। स्मरण रहोस्, इजरायलले इरानलाई सत्ताको आलोचकलाई सजाय दिने गरेको भन्दै आलोचना गर्ने गरेको छ/थियो।



तस्बिर : क्रिस्टोफर फुर्लोङ/गेटी इमेजेस

इजरायलले गिरफ्तार गरेका वेस्ट बैंकका प्यालेस्टिनी पत्रकार हुन् र यी सबै पत्रकार ७ अक्टोबरमा हमासले गरेको आक्रमणपछि पक्राउ परेका थिए। यी पत्रकार पक्राउ पर्नुको वास्तविक कारण पत्ता लागेको छैन। पत्रकारका आफन्तले सिपिजेलाई दिएको जानकारीअनुसार इजरायलले 'प्रशासनिक गिरफ्तारी' बताएको थियो।

सुन्दा सौम्य लाग्ने 'प्रशासनिक गिरफ्तारी'ले वास्तवमा पत्रकारले विनाकुनै सुनुवाइ वा कसुर यातना व्यहोरिरहेका छन् भन्ने अर्थ दिन्छ। सम्भवतः पक्राउ परेका पत्रकार कुनै आक्रमणको योजना बनाइरहेका थिए वा अतिवादी काममा लिप्त थिए होलान्, जसले 'प्रशासनिक गिरफ्तारी' निम्त्यायो। तर, उल्लिखित कारणका लागि कुनै प्रमाण उपलब्ध छैन। हामीलाई त यी पत्रकार किन पक्राउ परे भन्नेसमेत जानकारी छैन। इजरायलले सिपिजेको सूचीमा परेर एक अप्ठ्यारो विडम्बना सिर्जना गरेको छ। मिडिया स्वतन्त्रता खुला लोकतन्त्रको अनन्य हिस्सा हो। जीवन्त, अप्ठ्यारो र कहिलेकाहीं क्रुद्ध मिडियाले सार्वजनिक बहसलाई जीवित राख्छ र राजनीतिक व्यवस्थालाई स्वस्थ बनाइराख्छ।

पत्रकारिता जीवन्त रहँदा असहज अवस्था निम्तिन पनि सक्छ, तर वाचडग (पहरेदार) भूमिका खेल्ने स्वतन्त्र पत्रकारिताविना शक्तिशाली लोकतन्त्र सम्भव छैन। वास्तवमा लोकतन्त्र ओरालो लागिरहेको भन्ने आधार भनेको मिडियामाथि सरकारको दमन नै हो। यति भन्दै गर्दा इजरायल र इरानबीच समानता छ भनिहाल्ने अवस्था भने छैन। इजरायल अझै पनि लोकतन्त्र नै हो र इजरायली पत्रकार आफ्नो सरकारप्रति धेरै आलोचनात्मक रबैया राख्छन्, जुन तेहरानमा सम्भव छैन। यदि इजरायल आफ्नो लोकतन्त्रप्रतिको प्रतिबद्धतालाई जीवित राख्न चाहन्छ भने उसले कमसेकम पारदर्शिता प्रदर्शन गर्नुपर्छ, अर्थात् दुई महिनामा गिरफ्तारीमा परेका १७ पत्रकारलाई किन थुनियो भनेर प्रमाण पेस गर्न सक्नुपर्छ। यदि यी पत्रकारले इजरायललाई कुनै कोणबाट सुरक्षा चुनौती दिएका छैनन् भने यिनलाई तुरुन्तै रिहा गर्नुपर्छ।

(ग्रेस्टे म्याकक्वेयर विश्वविद्यालयका पत्रकारिताका प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

दक्षिण कोरियामा लाखौं पुरुषलाई दुलही पाउन मुस्किल

विदेशमा जन्मेका महिलाको आप्रवासनले यो स्थिति सहज बनाउन मद्दत गर्न सक्छ

दक्षिण कोरियाको जनसांख्यिक टाइम बम विस्फोट हुने अवस्थामा छ। जन्मको समयमा पुरुष र महिलाबीचको लैंगिक अनुपातमा लामो असन्तुलनपछि देशमा युवा पुरुष महिलाहरूको तुलनामा धेरै भएका छन्। नतिजा स्वरूप सन् १९८० को दशकको मध्यदेखि जन्मेका करिब आठ लाख 'अतिरिक्त' दक्षिण कोरियाली केटाहरू विवाहका लागि देशभित्र केटी भेट्टाउन असमर्थ हुन सक्छन्। दक्षिण कोरियाली केटाहरूको यो बढ्दो संख्याले त्यहाँको समाजमा ठूलो प्रभाव पार्नेछ। संयोगवश, चीन, ताइवान र भारतमा यस्तै प्रवृत्तिहरू विकसित भइरहेका छन्। यसविपरीत अमेरिकामा जन्म अनुपातमा लैंगिक दर स्थिर छ।



प्राय कुनै देशमा केटीभन्दा केटा बढि जन्मिन्छन्- प्रति सय केटीका लागि लगभग १०५ देखि १०७ केटाहरू। र, प्राकृतिक रुपमा एउटा देशमा लिंग अनुपात (सेक्स रेसियो एट वर्थ अर्थात् एसआरबी) लगभग स्थिर छ। लैंगिक असन्तुलन सम्भवतः महिलाहरू पुरुषभन्दा लामो समयसम्म बाँच्ने जैविक तथ्यको लागि एक विकासवादी अनुकूलन हो। हरेक उमेर समूहमा महिलाको तुलनामा पुरुषको मृत्युदर बढी हुन्छ। त्यसैले १०५ देखि १०७ केटाबीचको एसआरबीले बच्चा जन्माउने उमेरमा पुग्दा पुरुष र महिलाको संख्या लगभग बराबर हुने अवस्था सिर्जना गर्छ।

दक्षिण कोरियाको एसआरबी ३० वर्षसम्म सन्तुलनबाहिर हुनुका धेरै कारण छन्। सन् १९६० को दशकबाट सुरु भएर करिब २० देखि ३० वर्षको अवधिमा दक्षिण कोरियामा प्रजनन क्षमतामा तीव्र गिरावट भयो। सन् १९६० मा प्रतिमहिला ६ सन्तान रहेको प्रजनन दर सन् १९७२ मा चार सन्तानमा पुग्यो। सन् १९८४ सम्म आईपूग्दा औसतमा जोडीहरूले दुई सन्तानमा सन्तुष्टि मान्न थालेका थिए। सन् २०२२ मा दक्षिण कोरियाको प्रजनन दर शून्य दशमलव ८२ मा झर्न पुग्यो, जुन विश्वको सबैभन्दा कम प्रजनन दर हो।

छोरालाई बढि प्राथमिकता दिने दक्षिण कोरियाको संस्कृति बच्चा जन्माउने दरमा गिरावट आएकै गतिमा छिटो परिवर्तन भएन। कम्तीमा एउटा छोराको इच्छाले दक्षिण कोरियामा विशेषगरी २१औं शताब्दीको प्रारम्भिक वर्षसम्म प्रजनन प्राथमिकतालाई प्रभाव पारेको देखिन्थ्यो। घट्दो प्रजनन दरले समस्या खडा गऱ्यो। महिलाका धेरै सन्तान हुदाँ कम से कम एक केटा हुने सम्भावना उच्च रहन्छ। केवल दुई सन्तान भएमा छोरा नहुने सम्भावना झन्डै २५ प्रतिशत हुन्छ। एउटा मात्र सन्तान हुँदा यो सम्भावना ५० प्रतिशतभन्दा कम हुन्छ।

सन् १९८० देखि सन् २०१० को बीचमा दक्षिण कोरियामा असन्तुलित एसआरबीको कारण लगभग सातदेखि आठ लाख अतिरिक्त केटाहरू जन्मिएको मैले गणना गरेको छु।

स्ट्याटेटिक्स कोरियाको हालैको अनुसन्धानले देखाएको छ कि सन् २०२३ मा १९ देखि ३४ वर्ष उमेरका ३६ प्रतिशतभन्दा बढी दक्षिण कोरियालीले विवाह गर्ने आशय देखाएका थिए, जुन सन् २०१२ मा ५६ प्रतिशतभन्दा बढी गिरावट हो।

विदेशमा जन्मेका महिलाको कोरिया आप्रवासनले वर्तमान असन्तुलनलाई सम्बोधन गर्न मद्दत गर्न सक्छ। यदि अतिरिक्त अविवाहितले आप्रवासी बेहुलीसँग विवाह गरेनन् भने तिनीहरूसँग आफ्नो विवाहको अर्को विकल्प हुनेछैन। कोही सियोल र दक्षिण कोरियाका अन्य ठूला सहर बुसान र डेगुका 'अविवाहित बस्ती'मा बसोवास गर्न सक्छन्, जहाँ व्यावसायिक सेक्स बढी प्रचलित छन्। पुरुषको संख्या महिलाभन्दा बढी रहेको चीनको बेइजिङ, सांघाई र ग्वाङ्झाउजस्ता अन्य एसियाली सहरमा पनि त्यस्ता 'बस्ती' पहिले नै देखिएका छन्।

उच्च लैंगिक असमानता दक्षिण कोरियाली समाजको आफ्नै समस्या हो। २०औं शताब्दीको मध्यमा दक्षिण कोरियाको उच्च प्रजनन क्षमताले देशलाई आर्थिक रूपमा पछाडि राखेको थियो। प्रतिमहिला करिब ६ बच्चाको प्रजनन दर घटाउने अभियान सफल भयो। तर, त्यही सफलताले अहिले नयाँ समस्या निम्त्याएको छ।

(टेक्सास ए एन्ड एम विश्वविद्यालयका समाजशास्त्रका प्राध्यापक डडले एल पोस्टन जुनियरको द कन्भर्सेसनमा प्रकाशित आलेख)

भारतको ७५औं गणतन्त्र दिवस समारोहका प्रमुख अतिथि म्याक्रों



नयाँदिल्ली / फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रों भारतको ७५औं गणतन्त्र दिवस समारोहका प्रमुख अतिथि हुने भएका छन्। भारत-फ्रान्स रणनीतिक साझेदारीको २५औं वर्षगाँठका अवसरमा उनी भारतको सबैभन्दा ठूलो सरकारी महोत्सवमा सरिक हुन लागेका हुन्। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको निमन्त्रणामा ७५औं गणतन्त्र दिवस समारोहमा प्रमुख अतिथिका रूपमा म्याक्रोंको भारत भ्रमण तय भएको हो। यस अवसरमा फ्रान्सेली सशस्त्र बलको एक टुकडी गणतन्त्र दिवसको परेड र फ्लाइपास्टमा भारतीय सेना र एभिएटरहरूसँग सहभागी हुनेछ। म्याक्रोंले 'एम्बर फोर्ट'को भ्रमण गर्नेछन् र इन्डो-फ्रान्सेली सांस्कृतिक परियोजनाका सरोकारवाला, साथै विद्यार्थीसँग अन्तर्क्रिया पनि गर्नेछन्। म्याक्रों भारतका सम्माननीय राष्ट्रपति द्रौपदी मुर्मूको निमन्त्रणामा राष्ट्रपति भवनमा हुने राजकीय भोजमा सहभागी हुने कार्यक्रम छ। यसअघि म्याक्रों सन् २०१८ को मार्चमा भारतको राजकीय भ्रमणमा र जी-२० शिखर सम्मेलनका लागि सन् २०२३ को सेप्टेम्बरमा औपचारिक दिल्ली भ्रमणमा आएका थिए।

इतिहासमा आज

जनवरी २६



संविधान जारी भएपछि खुसी व्यक्त गर्दै संविधान मस्यौदा समितिका अध्यक्ष अम्बेडकर र भारतको पहिलो राष्ट्रपति राजेन्द्रप्रसाद (दायाँ)

सन् १९५० : भारत स्वतन्त्र भएपछि लेखिएको संविधान आजदेखि कार्यान्वयनमा आयो। सोही संविधानअनुरूप राजेन्द्र प्रसाद भारतका पहिलो राष्ट्रपति चुनिए।

कुमारी बैंक लिमिटेड शाखा कार्यालय न्युरोड, काठमाण्डौको धितोमा रहेको सम्पति पुनःलिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना

(प्रकाशित मिति २०८०/१०/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय न्युरोड, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ १९ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय न्युरोड, काठमाण्डौमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

उद्योग मन्त्रालय, कम्पनी रजिष्टारको कार्यालयमा कम्पनी दर्ता प्रमाणपत्र नं १२१४६०/०७०/७१ अन्तर्गत मिति २०७०/१२/२७ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय काठमाण्डौमा स्थायी लेखा नम्बर ६०१८६४६२९ मिति २०७०/१२/२८ मा दर्ता भएको भक्तपुर जिल्ला मध्यपुर ठिमी गा.वि.स/न.पा वडा नं २, स्थित रजिष्टार कार्यालय रहेको **एल.एस.ए.ए मल्टीपर्पोज कम्पनी प्रा.लि.**।

संञ्चालक तथा व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. बखत बहादुर श्रेष्ठको नातिनी, केशर बहादुर श्रेष्ठको छोरी, सिन्धुपाल्चोक जिल्ला, बलेफी गा.पा. वडा नं ५ (साबिक सिन्धुपाल्चोक जिल्ला फुल्पिङडाँडा गा.वि.स/न.पा वडा नं. ७) बस्ने **लक्ष्मी श्रेष्ठ** (ना.प्र.नं. १३६९९/९८८५६, जारी मिति २०५७/०१/१४, जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोक)।

२. कृष्ण बहादुर ढकालको नाति, अम्बर बहादुर ढकालको छोरा काभ्रेपलाञ्चोक जिल्ला भण्डनदेउपुर न.पा वडा नं ५ (साबिक काभ्रेपलाञ्चोक जिल्ला गैह्रीविशौना देउपुर गा.वि.स/न.पा वडा नं. २) बस्ने **विष्णु बहादुर ढकाल** (ना.प्र.नं. ४७९५७-७३४, जारी मिति २०५०/०६/०९,, जिल्ला प्रशासन कार्यालय, काठमाण्डौ)।

३. अम्बर बहादुर ढकालको बुहारी, अमर बहादुर खड्काको छोरी, विष्णु बहादुर ढकालको पत्नी काभ्रेपलाञ्चोक जिल्ला भण्डनदेउपुर न.पा वडा नं ५ (साबिक काभ्रेपलाञ्चोक जिल्ला, गैह्रीविशौना देउपुर गा.वि.स/न.पा वडा नं. २) बस्ने **लक्ष्मी ढकाल** (ना.प्र.नं. ५८७७९, जारी मिति २०५२/०७/०२, जिल्ला प्रशासन कार्यालय, काभ्रे)।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **एल.एस.ए.ए मल्टीपर्पोज कम्पनी प्रा.लि.**को नाममा मालपोत कार्यालय, डिल्लीबजार काठमाण्डौमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला गोंगबु गा.वि.स वडा नं ८ स्थित कित्ता नं १२९ को क्षेत्रफाल २००.८९ (व.मि.) को घर/जग्गा तथा सोको सम्पूर्ण लिगलगापात समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० माघ १८ गते** भित्र बैंकको शाखा कार्यालय न्युरोड, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।

२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय न्युरोड, काठमाण्डौबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।

३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।

४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० माघ १९ गते** १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय न्युरोड, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।

५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।

६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।

८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।

९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय न्युरोड, काठमाण्डौमा सम्पर्क राखी प्राप्तगर्न सकिनेछ।

१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।

११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।

१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।

१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ १९ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय न्युरोड, काठमाण्डौ फोन नं. ०१-५३२७४०४

standard chartered

स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेडका
ऋणीलाई कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८०/१०/१२, नयाँ पत्रिका)

यस बैंकबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरूले प्राप्त गर्नुभएको घर कर्जा, सवारी कर्जा, व्यक्तिगत कर्जा, क्रेडिट कार्ड कर्जा तथा बैंकिङ सुविधा बापत यस बैंकसँग गर्नु भएको सम्झौताको शर्त बमोजिम समय समयमा यस बैंकलाई किस्ताबन्दी रूपमा तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा र सोको ब्याज रकम नबुझाउनु भएको तथा सो कर्जाको साँवा तथा ब्याज रकम यस बैंकलाई तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित रूपमा तरताकेता गर्दा समेत बेवास्ता गरि तिर्नु बुझाउनु पर्ने रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले तपाईंहरूले यस बैंकबाट प्राप्त गर्नु भएको सम्पुर्ण कर्जाको साँवा र ब्याज रकम चुक्ता भुक्तान गर्न आउनु भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै जमानतकर्ताहरूले यसै सुचना समेतलाई आधार मानी ऋणीलाई उल्लिखित समयावधि भित्रै कर्जा चुक्ता गरी आफ्नो दायित्व फरफारक गर्न उत्प्रेरित गर्नहुनु आग्रह गर्दछौं ।

अत : यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकको बानेश्वर, काठमाण्डौ स्थित मुख्य कार्यालयको ऋण असुली विभागमा सम्पर्क राखी सो ऋणकर्जाको सम्पूर्ण साँवा तथा सोमा बैंकको नियमानुसार लाग्ने ब्याज, जरिवाना, शुल्क आदि समेत चुक्ता फछ्यौंट गर्न गराउन हुन सुचित गरिन्छ । अन्यथा, प्रचलित कानुन बमोजिम तपाँईहरूबाट कर्जा असुलीको लागि आवश्यक कानुनी कारबाही अगाडि बढाउनुका साथै तपाँईहरूको तीन पुस्ते सहितको नाम कर्जा सूचना केन्द्रको कालोसूचीमा राख्न आवश्यक प्रकृया अगाडि बढाईने जानकारी गराउँदछौं ।

तपसिल

सि.नं.	ऋणी तथा जमानतकर्ताको नाम, थर र वतन	कर्जाको प्रकार/ धितोको विवरण
१.	**ऋणी** : श्री पुहुप लाल यादवको नाती, श्री राज कुमार यादवको छोरा, सुनसरी जिल्ला, इनरूवा नगरपालिका वडा न. ०४ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बिराटनगर नगरपालिका वडा नं.०५, बस्ने वर्ष २९ को **श्री अजय यादव** (ना.प्र.नं. ०६१०४७/१५८६२७, जारी मिति २०६७/०९/२८, जि.प्र.का. सुनसरी)	**घर कर्जा / धतोको विवरणः** **श्री अजय यादव**को नाममा मालपोत कार्यालय सुनसरीको लगतमा दर्ता श्रेष्ता कायम रहेको सुनसरी जिल्ला, इनरूवा नगरपालिका वडा न. ०६ स्थित कित्ता नं. २२०५ क्षेत्रफल बिघा /व.मि. ०– ०–१५–० / २५३.९८ व.मी. को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
२.	**ऋणी** : श्री वासुदेव चौधरीको नाती, श्री हरी प्रसाद चौधरीको छोरा, सप्तरी जिल्ला, कंचिरा खडक नगरपालिका वडा न. ०३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बिराटनगर नगरपालिका वडा नं.१०, बस्ने वर्ष ४१ को **श्री भवानी प्रसाद चौधरी** (ना.प्र.नं. ४४१८, जारी मिति २०५८/०४/१६, जि.प्र.का. सप्तरी) **सहऋणी** : श्री सन्तवान चौधरीको नातीनी, श्री सुब्बालाल चौधरीको छोरी, श्री हरी प्रसाद चौधरीको बुहारी, श्री भवानी प्रसाद चौधरीको श्रीमती सप्तरी जिल्ला, कंचिराखडक नगरपालिका वडा न. ०३ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, बिराटनगर नगरपालिका वडा नं.१०, बस्ने वर्ष ४१ को **श्रीमती सजिंता कुमारी चौधरी** (ना.प्र.नं. ४४२३, जारी मिति २०५८/०४/२२, जि.प्र.का. सप्तरी)	**घर तथा व्यक्तिगत कर्जा / धितोको विवरणः** **श्रीमती सजिंता कुमारी चौधरी**को नाममा मालपोत कार्यालय मोरङ्गको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ्ग जिल्ला, जतुवा कठ कुप्पा वडा न. ०१ स्थित कित्ता नं. ४८०६ क्षेत्रफल बिघा/व.मि. ०–०–१२–० / २०३.१५ व.मी. को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
३.	**ऋणी** : श्री रत्न प्रसाद पाण्डेको नाती, श्री सोम प्रसाद पाण्डेको छोरा, काभ्रे जिल्ला, चापाकोरी, कुरूवासा वडा न. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.०५ कोटेश्वर, बस्ने वर्ष ६१ को **श्री उद्धव प्रसाद पाण्डे** (ना.प्र.नं. १२६१, जारी मिति २०४०/०१/०४, जि.प्र.का. काभ्रे) **सहऋणी** : श्री सोम प्रसाद पाण्डेको नाती, श्री उद्धव प्रसाद पाण्डे छोरा, काभ्रे जिल्ला, चापाकोरी, कुरूवासा वडा न. ०५ स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं.०५ कोटेश्वर, बस्ने वर्ष ३९ को **श्री दिनेश राज पाण्डे** (ना.प्र.नं. १४८१३८, जारी मिति २०६२/११/१८, जि.प्र.का. काभ्रे)	**घर तथा व्यक्तिगत कर्जा / धितोको विवरणः** **श्री उद्धव प्रसाद पाण्डे**को नाममा मालपोत कार्यालय काठमाण्डौको लगतमा दर्ता श्रेष्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा वडा न. ३५ स्थित कित्ता नं. ६१ क्षेत्रफल रोपनी/व.मि. ०– ०–०–० / २४१.७५ व.मी. को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ।
४.	**ऋणी** : श्री बिरू मोहन अग्रवालको नाती, श्री अशोक कुमार अग्रवालको छोरा, काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं ०१, स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं १५ हात्तीबन, बस्ने वर्ष ४१ को **श्री अभिषेक अग्रवाल** (न.प्र.नं.१२७७, जारी मिति २०५८।०४।२३, जि.प्र.का. काठमाण्डौ)	**क्रेडिटकार्ड कर्जा तथा सवारी साधन कर्जा / सवारी साधनको विवरणः** **सवारी दर्ता नंः** बाग्मती प्रदेश–०१–०२७ च ४०१६ **सवारी मोडलः** हुन्डाई आयोनिक–इमि–१०० **बनेको सालः** २०२१
५.	**ऋणी** : श्री तुलसी नारायण गौतमको नातीनी, श्री अमृत नाथ गौतमको छोरी, श्री कृष्ण ब.कालिकोटेको बुहारी, श्री दिनेश कालिकोटेको श्रीमती ललितपुर जिल्ला, कालेश्वर वडा नं. ७, बतासे स्थायी ठेगाना भई हाल काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ७, कुमारीगाल बस्ने वर्ष ३२ की **श्रीमती बिनिता गौतम** (ना.प्र.नं. २८–०१–०६६–०२३९६, जारी मिति २०६६/०४/०६, जि.प्र.का.ललितपुर) **जमानतकर्ता** : श्री गंगादत्त गौतमको नाती, श्री तुलसी नारायण गौतमको छोरा, ललितपुर जिल्ला, कालेश्वर वडा नं. ७, बतासे स्थायी ठेगाना भई हाल ललितपुर जिल्ला, गोदावरी न.पा. वडा नं. १, गोदामचौर बस्ने वर्ष ५२ का **श्री अमृत नाथ गौतम** (ना.प्र.नं. ५१८९३, जारी मिति २०४८/०१/०३, जि.प्र.का.ललितपुर)	**व्यक्तिगत सहुलियत कर्जा**
६.	**ऋणी** : श्री सितल सिंहको नातीनी, श्री झुलन सिंहको छोरी, श्री राम नरेश सिंहको बुहारी, श्री राजनीती सिंहको श्रीमती मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ११, अमरटोल स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष ५२ की **श्री अमल कुमारी सिंह**(ना.प्र.नं. ३१३१३, जारी मिति २०७६/०५/०२, जि.प्र.का. मोरङ्ग) **जमानतकर्ता** : श्री सत्य नारायण सिंहको नाती, श्री राम नरेश सिंहको छोरा,मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं. ११, अमरटोल स्थायी ठेगाना भई हाल ऐ.ऐ.बस्ने वर्ष ५५ का **श्री राजनीती सिंह** (ना.प्र.नं. १४३०, जारी मिति २०६४/०९/२३, जि.प्र.का. मोरङ्ग)	**व्यक्तिगत सहुलियत कर्जा**
७.	**ऋणी** : श्री घनश्याम भण्डारीको नातीनी, श्री पुरूषोत्तम पाध्येको छोरी, श्री ओम प्रकाश शर्माको बुहारी, श्री अरविन्द कुमार शर्माको श्रीमती बर्दिया जिल्ला, मनाउ वडा नं. ५, स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. ११, भट्टीटोल बस्ने वर्ष ४० की **श्रीमती गंगा भण्डारी** (ना.प्र.नं. १२६६७, जारी मिति २०६०/०२/१२,जि.प्र.का.बर्दिया) **जमानतकर्ता** : श्री आत्माराम शर्माको नाती, श्री ओम प्रकाश शर्माको छोरा, बर्दिया जिल्ला, मनाउ वडा नं. ५, स्थायी ठेगाना भई हाल बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडानं. ११, भट्टीटोल बस्ने वर्ष ४० का **श्री अरविन्द कुमार शर्मा** (ना.प्र.नं.७, जारी मिति २०५२/०४/०२,जि.प्र.का.बाँके)	**व्यक्तिगत सहुलियत कर्जा**
८.	**ऋणी** : श्री हरी लाल राईको नातीनी, श्री जित बहादुर राईको छोरी, श्री प्रेम बहादुर श्रेष्ठको बुहारी, श्री शंकर राज श्रेष्ठको श्रीमती मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं.१६, वाणीज्य रोड स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५० की **श्रीमती इन्दु राई** (ना.प्र.नं. ०५/८४९३, जारी मिति २०५०/०७/२५, जि.प्र.का. मोरङ्ग) **जमानतकर्ता** : श्री रत्न बहादुर श्रेष्ठको नाती, श्री प्रेम बहादुर श्रेष्ठको छोरा,मोरङ्ग जिल्ला, विराटनगर म.न.पा.वडा नं.१६, वाणीज्य रोड स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ५० को **श्री शंकर राज श्रेष्ठ** (ना.प्र.नं. ४९/०४६/४७, जारी मिति २०४६/०९/२६, जि.प्र.का. मोरङ्ग)	**व्यक्तिगत सहुलियत कर्जा**
९.	**ऋणी** : श्री प्यारेलाल बोहोराको नातीनी, श्री मागीलाल बोहोराको छोरी, श्री राज कुमार बोहोराको श्रीमती मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं.१२, मेनरोड स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं.८,बाटारोड बस्ने वर्ष ४४ की **श्रीमती अरूणा कुमारी बोहोरा** (ना.प्र.नं. ३३९७८, जारी मिति २०५४/१२/१०, जि.प्र.का. मोरङ) **जमानतकर्ता** : श्री प्यारेलाल बोहोराको नाती, श्री मागीलाल बोहोराको छोरा,मोरङ्ग जिल्ला, विराटनगर म.न.पा. वडा नं.८, बाटारोड स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष २९ को **श्री पंकज बोहोरा** (ना.प्र.नं. ०५–०१–७४–०२३००, जारी मिति २०७४/०२/२४, जि.प्र.का. मोरङ)	**व्यक्तिगत सहुलियत कर्जा**
१०.	**ऋणी** : श्री रन बहादुर रानाको नातीनी, श्री मिन बहादुर रानाको छोरी, श्री हिरा बहादुर सोमरेको बुहारी, श्री जिवन सोमरे श्रीमती, रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं.२, शंकरनगर स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३५ की **श्रीमती जुना राना** (ना.प्र.नं. ३९१००१/१२१, जारी मिति २०६५/०४/३०, जि.प्र.का. पाल्पा) **जमानतकर्ता** : श्री इन्द्र बहादुर सोमरेको नाती, श्री हिरा बहादुर सोमरेको छोरा, रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं.२, शंकरनगर स्थायी ठेगाना भई हाल ऐ.ऐ. बस्ने वर्ष ३९ को **श्री जिवन सोमरे** (ना.प्र.नं. २८७०७, जारी मिति २०५९/०६/०१, जि.प्र.का. गुल्मी)	**व्यक्तिगत सहुलियत कर्जा**

तल्लो अरुणको जग्गा अधिकरण सुरु

संखुवासभामा **नवीन गुरुङ**

संखुवासभामा निर्माण हुने ६ सय ६९ मेगावाटको तल्लो अरुण जलविद्युत् आयोजनाको जग्गा अधिकरणको प्रक्रिया अगाडि बढेको छ। आयोजना निर्माणका लागि अहिले ६५ हेक्टर जग्गा अधिग्रहण सुरु गरिएको हो। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको मुआब्जा निर्धारण समितिले ५६५ कित्तामा ६ सय ५६ जग्गाधनीको नामावली सार्वजनिक गरिएको छ।

आयोजना निर्माणस्थल क्षेत्र पर्ने संखुवासभाको साबिक गाविस दिदिङको वडा नम्बर १, ३ ८, शीतलपाटीको २, ३, ४, ५, ६, ७, पांमा गाविसको ९ र मनकामना गाविसको ४, ६, ७ मा पर्ने जग्गाको अधिग्रहण सुरु गरिएको संखुवासभाका प्रमुख जिल्ला अधिकारी कार्कीको भनाइ छ।


अरुण तेस्रोकै ढाँचामा तल्लो अरुण अगाडि बढाउन पिडिएमा हस्ताक्षर गरिएको छ। प्रस्तावित आयोजनाबाट चार सय ४४ घरधुरी प्रभावित हुनेछन्।

आयोजनाका लागि एक सय ८४ हेक्टर जग्गा आवश्यक पर्नेछ। जसमा निजी जग्गा एक सय सात हेक्टर, वन क्षेत्र ७० हेक्टर र सरकारी जग्गा ६ हेक्टर रहेको छ। कटान हुने रूखको संख्या १६ हजार एक सय ९८ रूख रहेको परियोजना निर्माण तथा सञ्चालनको जिम्मा लिएको सतलज जलविद्युत् निगमले जनाएको छ।

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit
ग्लोबल रेमिट

अनौपचारिक अर्थतन्त्रको आकार ४१.३१%

घरजग्गामा ९९.९७ प्रतिशत अनौपचारिक अर्थतन्त्र



काठमाडौं/ अध्ययनले घरजग्गासम्बन्धी कारोबारमा ९९.९७ प्रतिशतबराबरको अनौपचारिक अर्थतन्त्र देखिएको छ। अर्थात्, ०.०३ प्रतिशतबराबरको घरजग्गा कारोबार मात्रै औपचारिक माध्यमबाट हुने गरेको छ। घरजग्गाको कारोबार क्षेत्रअन्तर्गत भाडामा दिइएको सम्पत्ति, शुल्क वा सम्झौता गरेका अचल सम्पत्तिका गतिविधि र घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवाहरू समावेश भएका छन्। त्यसैगरी, जग्गा कारोबार वा सम्पत्ति अवमूल्यनबाट हुने कर छली ठूलो मात्रामा छ। नेपालमा घरजग्गाको खरिद सम्पत्ति लुकाउने प्रवृत्तिलाई सामान्य मानिन्छ। त्यसरी लुकाइएको सम्पत्ति अनौपचारिक अर्थतन्त्रमा गणना गरिएको छ।

अध्ययनले कृषि, वन तथा माछा मार्ने, आवास तथा खाद्य सेवा र मनोरञ्जन क्षेत्रमा पनि अनौपचारिक अर्थतन्त्रको हिस्सा धेरै देखाएको छ। कृषि वन तथा माछा मार्ने क्षेत्रमा ९६.४८, आवास तथा खाद्यमा ५०.४२ र मनोरञ्जन क्षेत्रमा ३३.६९ प्रतिशतबराबरको अनौपचारिक अर्थतन्त्र देखिएको छ। कृषिसम्बन्धी गतिविधि घरपरिवारमार्फत सञ्चालित भएकाले त्यसलाई अनौपचारिक अर्थतन्त्रका रूपमा गणना गरिएको छ। आवास र खाद्य सेवाभित्र घरपरिवारद्वारा सञ्चालित लज र चिया पसल धेरै दर्ता भएका छैनन्। त्यसैले यसको अनौपचारिक अर्थतन्त्र धेरै देखिएको हो। अध्ययनअनुसार सार्वजनिक प्रशासनमा अनौपचारिक अर्थतन्त्र शून्य छ। यसैगरी, स्वास्थ्य तथा सामाजिक, शिक्षा, बैंक तथा बिमा, सूचना प्रविधि, यातायात क्षेत्रमा अनौपचारिक अर्थतन्त्रको हिस्सा १ प्रतिशतभन्दा कम छ।

पवन तिमिल्सिना/नयाँ पत्रिका

देशको अनौपचारिक अर्थतन्त्रको आकार ४१.३१ प्रतिशत रहेको एक अध्ययनले देखाएको छ। बिहीबार सार्वजनिक त्रिभुवन विश्वविद्यालयको केन्द्रीय अर्थशास्त्र विभागको अध्ययनले सन् २०२०/२१ मा अनौपचारिक अर्थतन्त्रको आकार यस्तो देखाएको हो। विभागका अनुसार यो आकार सन् ०१५/१६ यताकै कम हो। सो वर्ष यस्तो अर्थतन्त्रको आकार ३९.७९ प्रतिशत पुगेको थियो। त्यसपछि ०१८/१९ मा बढेर ४५.०२ प्रतिशत पुगेको थियो। १० वर्षको तथ्यांकअनुसार औसत आँकडा ४०.६० प्रतिशत छ।

केन्द्रीय अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारीका अनुसार यो तथ्यांकले देशको बृहत् अर्थतन्त्रलाई समेटेको छ। उनले भने, 'कुल अर्थतन्त्रमा कतिपय विषय समावेश गरिएका हुँदैनन्। जस्तो दलाली गरेर कमाएको खर्च राष्ट्रिय लेखामा समेटिँदैन, तर यस्तो कमाइको पैसा अन्ततः खर्च हुने नै भयो। यस्ता कतिपय आम्दानी औपचारिक माध्यमबाट हुँदैनन्। त्यसैले हामीले खर्चलाई आधार बनाएर यो तथ्यांक ल्याएका हौं।'

अध्ययनका सबै पद्धतिमा केही न केही कमजोरी हुने भएकाले विभागले दुईवटा विधि राष्ट्रिय लेखा र मुद्रा मागमा आधारित भएर अध्ययन गरेको जानकारी दिए। उनका अनुसार राष्ट्रिय तथ्यांक कार्यालयले गर्ने आर्थिक गणनाले दर्ता भएका र नभएका निजी प्रतिष्ठानका आधारमा अनौपचारिक अर्थतन्त्रको तथ्यांक निकाल्ने गरेको छ। तर, विभागले सार्वजनिक क्षेत्रलाई समेत समेटेर यस्तो तथ्यांक निकालेको उनले बताए।

राष्ट्रिय तथ्यांक कार्यालयले ०७५ मा गरेको आर्थिक गणनाले अनौपचारिक अर्थतन्त्रको आकार ४९.९ प्रतिशत रहेको जनाएको थियो। जसका आधारमा अर्थ मन्त्रालयले अधिकांश कारोबारमा स्थायी लेखा नम्बर दर्ता अनिवार्य गरेको थियो। त्यसपछि धेरैजसो कारोबार क्रमशः औपचारिक माध्यममा जोडिँदै गइरहेको कार्यालयका उपप्रमुख डा. हेमराज रेग्मीले बताए। उनले भने, 'दर्ता नभएको व्यवसाय वा कारोबारलाई हामीले अनौपचारिक अर्थतन्त्रमा परिभाषित गरेका छौं। तर, विश्वव्यापी मान्यताअनुसार गैरकानुनी र अवैध कारोबारलाई पनि अनौपचारिक अर्थतन्त्रमा समावेश गरिन्छ। हामीले त्यस्तो कारोबारलाई अनौपचारिक अर्थतन्त्रमा समावेश गर्न सकेका छैनौं।'

अध्ययनले व्यक्तिहरूले आफैंले रोजगारी सिर्जना गर्न, आफैंले वस्तु तथा सेवाहरू उपभोग गर्न उत्पादन गरिएका वस्तु र सेवाहरूलाई समावेश गरिएको विभागले जानकारी दिएको छ। मूलतः एक वा दुई व्यक्तिहरूबाट उत्पादित वस्तु वा सेवाहरू पनि यसमा छन्।

उत्पादन एवं रोजगारीसँग सम्बन्धित गलत रिपोर्टिङ भएका, आंशिक रेकर्ड गरिएका वा नभएका, कानुनी रूपले वैध-अवैध नभनिएका आर्थिक गतिविधि अध्ययनले समेटेको छ। कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को अनुमानमा समावेश भएका वा केही कारणवश छुटेका वस्तु वा सेवाहरू पनि अध्ययनभित्र समेट्ने प्रयास गरिएको प्रतिवेदनमा उल्लेख छ। अर्थतन्त्रको आकार र आर्थिक विकासको स्थिति जस्तोसुकै भए पनि अनौपचारिक अर्थतन्त्र सबैका लागि चिन्ताको विषय भएको विभागले जनाएको छ।

अनौपचारिक अर्थतन्त्रमा कृषिको हिस्सा ठूलो

विभागको अध्ययनअनुसार कृषि क्षेत्र (वन र माछा मार्नेसमेत)अन्तर्गतका अधिकांश उत्पादन गतिविधि घरपरिवारद्वारा सञ्चालित छन् र त्यसैले अनौपचारिक अर्थतन्त्रको हिस्सा ठूलो छ। हाल जिडिपीमा कृषि क्षेत्रको लगभग २५ प्रतिशत योगदान छ।

अचल सम्पत्ति एवं आवास सेवाको उपभोग र घरजग्गाको कारोबार क्षेत्रअन्तर्गत स्वामित्व वा भाडामा दिइएको सम्पत्ति, शुल्क वा सम्झौता अचल सम्पत्तिका गतिविधि र घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवाहरू समावेश भएका छन्। यस क्षेत्रको प्रकृतिको कारणले गर्दा अधिकांश हिस्सा घरपरिवारले आफ्नो आवासमा बसेर प्राप्त गरेका सेवाहरू पर्छन्, जसलाई यस अध्ययनमा अनौपचारिक अर्थतन्त्र मानिएको प्रतिवदेनमा उल्लेख छ। प्रतिवेदनमा भनिएको छ, 'जग्गा कारोबार वा सम्पत्ति अवमूल्यनबाट हुने कर छली ठूलो मात्रामा छ। यो कुरा नेपालमा सामान्य मानिन्छ। जग्गाको खरिद सम्पत्ति लुकाउने माध्यम भएको छ। लुकाइएको सम्पत्ति अनौपचारिक अर्थतन्त्रमा गणना हुन जान्छ। हाल जिडिपीमा यस क्षेत्रले लगभग १० प्रतिशत देन दिएको छ।'

आवास र खाद्य सेवाहरूको क्षेत्र, घरपरिवारद्वारा सञ्चालित लज र चिया पसलहरू धेरै कम मात्रामा सरकारी संस्थामा दर्ता भएका छैनन्। यस क्षेत्रमा रेस्टुरेन्ट, क्याफ्टेरिया, फास्ट फुड रेस्टुरेन्ट, टेक-आउट खाने ठाउँ, मोबाइल फुड कोर्ट, बजार स्टलमा खाना तयारी, बार, कफी हाउस, चिया पसल आदिबाट रेस्टुरेन्ट र खाना सेवा गतिविधि खाद्य सेवामा प्रमुख गतिविधि छन्। कुनै पनि सरकारी संस्थामा दर्ता नभएका घरपरिवारद्वारा सञ्चालित अधिकांश लज र चिया पसलहरू अनौपचारिक छन्। त्यसैगरी, मोबाइल फुड कोर्टहरू पनि अनौपचारिक रहेको प्रतिवेदनले उल्लेख गरेको छ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

प्रकाशित मिति: २०८०/१०/१२

यस सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालय, सानोश्री, बर्दियाबाट तपसिलमा उल्लेखित तपाई ऋणीले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवम् मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले मिति वि.सं. २०७९/०८/०१ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा सम्पूर्ण ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना, मिति २०७९/१२/०६ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना, मिति २०८०/०१/२० को अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिका, मिति २०८०/०२/२२ को कारोबार राष्ट्रिय दैनिक पत्रिका र मिति २०८०/०३/२० को नयाँ पत्रिकामा राष्ट्रिय दैनिक पत्रिकामा धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो ७ (सात) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) औं दिनमा सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालय, सानोश्री, बर्दियामा दिउँसो १:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

कर्जा शिर्षक : सिटिजन्स एस.एम.ई कर्जा (अधिविकर्ष), माग कर्जा र सवारी कर्जा
ऋणीको नाम : प्रेशु ट्रेड कन्सर्न प्रा. लि.
रजिष्टर्ड ठेगाना : राजापुर न. पा. ४, बर्दिया
रजिष्ट्रेसन नं. : २२९८४९/०७६/०७७ (नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं)
पान नं. : ६०९६७६५९४

कम्पनीको सञ्चालक तथा जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : विजय श्रेष्ठ
बाबु : प्रेम कुमार श्रेष्ठ
बाजे : पुन नारायण श्रेष्ठ
ठेगाना : नारायणपुर -०८, कैलाली
हाल : राजापुर न.पा. -०४, बर्दिया
ना.प्र.नं. : ६७२०४२/२२७८
जारी मिति : २०६४/०६/०७
जि.प्र.का. : कैलाली

२. नाम : प्रेम कुमार श्रेष्ठ
बाबु : पुन नारायण श्रेष्ठ
बाजे : हरि नारायण श्रेष्ठ
ठेगाना : गजरकोट-८, तनहुँ
हाल : राजापुर न.पा.-०४, बर्दिया
ना.प्र.नं. : ५०२६
जारी मिति : २०४२/०३/१२
जि.प्र.का. : तनहुँ

३. नाम : सुशीला कुमारी श्रेष्ठ
बाबु : विष्णु प्रसाद श्रेष्ठ
ससुरा : पुन नारायण श्रेष्ठ
पति : प्रेम कुमार श्रेष्ठ
ठेगाना : टिकापुर-७, कैलाली
हाल : राजापुर न.पा.-०४, बर्दिया
ना.प्र.नं. : ५/७६६४/१६३९
जारी मिति : २०४६/०३/१९
जि.प्र.का. : कैलाली

४. नाम : एलिजा हमाल श्रेष्ठ
बाबु : शिव कुमार हमाल
ससुरा : प्रेम कुमार श्रेष्ठ
पति : विजय श्रेष्ठ
ठेगाना : टिकापुर न.पा.-०७, कैलाली
हाल : राजापुर न.पा.-०४, बर्दिया
ना.प्र.नं. : ६७-०२-७५-०७२३७
जारी मिति : २०७५/०९/०३
जि.प्र.का. : कैलाली

५. नाम : शिव कुमार हमाल
बाबु : मान बहादुर हमाल
बाजे : कटक हमाल
ठेगाना : राजापुर-१, बर्दिया
हाल : राजापुर न.पा.-०४ बर्दिया
ना.प्र.नं. : ४०८१६
जारी मिति : २०४०/०४/१०
जि.प्र.का. : बर्दिया

६. नाम : सविता हमाल
बाबु : फुल सिंह शाही
पति : शिव कुमार हमाल
ससुरा : मान बहादुर हमाल
ठेगाना : राजापुर-१, बर्दिया
हाल : राजापुर न.पा.-०४ बर्दिया
ना.प्र.नं. : ३/२०८१
जारी मिति : २०५३/०१/३०
जि.प्र.का. : बर्दिया

७. नाम : विकास श्रेष्ठ
बाबु : प्रेम कुमार श्रेष्ठ
बाजे : पुन नारायण श्रेष्ठ
ठेगाना : नारायणपुर-८, कैलाली
हाल : राजापुर न.पा.-०४, बर्दिया
ना.प्र.नं. : ६७२०४२/१३८३०
जारी मिति : २०६६/०७/२२
जि.प्र.का. : कैलाली

धितो राखिएको सम्पत्तिको विवरण:

१. धितो सुरक्षण धनीको नाम:- सिटिजन्स बैंक ईन्टरनेसनल लि.सवारी धनी कायम भई ऋणी प्रेशु ट्रेड कन्सर्न प्रा. लि.भएको सवारी साधन।

ईन्जिन नं.	E066883
चेसिस नं.	MEERBC002M4093136
दर्ता नं.	बागमति प्रदेश-०१-०२५ च ६२२०
मोडेल	RENAULT Tribber Pet 1.0 RXL
बनेको साल	२०२१

२. धितो सुरक्षण धनीको नाम:- एलिजा हमाल श्रेष्ठ

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (बि-क-धु)	कैफियत
१.	बर्दिया	राजापुर	१/१क	९३८	०-१-१५.५०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिगलगापात समेत।

माथि उल्लेखित अचल सम्पत्तिका अतिरिक्त यस बैंकलाई पठाएको मौज्दातको विवरण अनुसारको स्टक मौज्दात लगायत कम्पनीले उठाउन बाँकी सम्पुर्ण रकम कलम (Entire Receivables) सहित।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवम् शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्रदाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तानी माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा ७ का अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको अचल सम्पत्ति दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय सानोश्री, बर्दियामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८०/१०/१९ गते, शुक्रबार
समय :- दिउँसो १:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सानोश्री, बर्दिया।

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८

कुमारी बैंक लिमिटेड शाखा कार्यालय जोशिपुर, कैलालीको धितोमा रहेको सम्पत्ति पुन:लिलाम बिक्रीको लागि ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८०/१०/१२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेड (साबिक एन.सी.सी. बैंक लि.) शाखा कार्यालय जोशिपुर, कैलालीबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लङ्घन गरेको हुनाले निज ऋणीलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्नु बुझाउनको लागि ३५ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु चुक्ता भुक्तान नगरेको हुँदा निज ऋणीले प्राप्त गरेको ऋणकर्जाहरुको सुरक्षण वापत बैंकलाई धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बिक्री गर्न पटक पटक धितो लिलाम सूचना प्रकाशित गरी लिलाम गर्दा समेत लिलाम हुन नसकेकाले यो पुन धितो लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले ८ औं दिन अर्थात मिति २०८० माघ १९ गते शुक्रबार**को दिन गोप्य शिलबन्दी बोलपत्रद्वारा शाखा कार्यालय जोशिपुर, कैलालीमा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

ऋणीको विवरण:

लबारी डगौराको नातिनी, फकनु राम डगौरा/चिलिया डगौराको छोरी, साहिवा डगौरा/फुलरानी डगौराको बुहारी, राज कुमार डगौराको पत्नी, कैलाली जिल्ला, भनजी गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा., वडा नं. ३ बस्ने **राम देवी डगौरा** (ना.प्र.नं. ६७२०३१/६१६७, जारी मिति २०६७/०६/१८, जिल्ला प्रशासन कार्यालय कैलाली)...१ र विरबल डगौराको नाति, साहिवा डगौरा/फुलरानी डगौराको छोरा, राम देवी डगौराको पति, कैलाली जिल्ला भनजी गा.वि.स., वडा नं. ८ स्थायी ठेगाना भई हाल कैलाली जिल्ला, भजनी न.पा., वडा नं. ३ बस्ने **राज कुमार डगौरा** (ना.प्र.नं. ६७२०३१/८२२, जारी मिति २०६६/१०/०५, जिल्ला प्रशासन कार्यालय कैलाली)...१ समेत २।

लिलाम हुने सम्पत्तिको विवरण:

१. **राज कुमार डगौरा**को नाममा मालपोत कार्यालय, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, भजनी गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. १६०२ को क्षेत्रफल ७९१.५७ (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले ७ (सातौं) दिन अर्थात २०८० माघ १८ गते** भित्र बैंकको शाखा कार्यालय जोशिपुर, कैलालीमा कार्यालय समय भित्र प्राप्त भईसक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको शाखा कार्यालय जोशिपुर, कैलालीबाट रु.५००/- तिरी प्राप्त गर्न सकिनेछ, उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतका दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि.को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमको धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले ८ (आठौं) दिन अर्थात २०८० माघ १९ गते** १२:०० बजे देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा शाखा कार्यालय जोशिपुर, कैलालीमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैंक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिनमा बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखीदिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कवोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दै दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको शाखा कार्यालय जोशिपुर, कैलालीमा सम्पर्क राखी प्राप्तगर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८० माघ १९ गते शुक्रबार मध्यान्ह १२:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय जोशिपुर, कैलाली फोन नं. ०९१-४०१०७२/७३

ट्र्याक खुलेको तीन दशकमा सडक कालोपत्रे



लमजुङमा **शान्ता कमली**

लमजुङ-मनाङ जोड्ने एक मात्र बैंसीसहर-चामे सडकको ट्र्याक खुलेको २९ वर्षमा अमेरिकन प्रविधिको 'अस्फाल्ट' कालोपत्रे गरिएको छ। बैंसीसहरदेखि खुदीसम्मको सात दशमलव आठ किलोमिटर सडकमध्ये सात किलोमिटर सडक कालोपत्रे भइसकेको छ।

स्थानीय श्रमदान र सरकारी निकायबाट सहयोग जुटाएर लमजुङवासीले ०५१ मा यस खण्डअन्तर्गत बैंसीसहरदेखि खुदीसम्म मोटरबाटोको ट्र्याक खोलेका थिए। हालसम्म ८५ प्रतिशत सडक स्तरोन्नतिको काम सम्पन्न भएको डुम्रे-बैंसीसहर-चामे सडक योजनाका इन्जिनियर किरण पोखरेलले बताए। तत्कालीन नेपाली सेनाले ०६९ मा सडकको निर्माण पूरा गर्दै डिभिजन सडक कार्यालय दमौलीलाई हस्तान्तरण गरेको थियो।

उक्त सडकमा ०५९ मा नेपाली सेनाले ट्र्याक खोलेको थियो। असार ०८० मा कालोपत्रे सम्पन्न गरिसक्नुपर्ने भए पनि काम पूरा नभएपछि म्याद थप गरिएको इन्जिनियर पोखरेलको भनाइ छ। आशिष-अनेस्ट जेभी कन्स्ट्रक्सन प्रालिले सडक कालोपत्रेका लागि २२ वैशाख ०७८ मा २५ करोड ३२ लाख १३ हजारमा कालोपत्रे गर्ने सम्झौता गरेको थियो। बैंसीसहरदेखि ६५ किलोमिटर दूरी रहेको चामेसम्मको सडकमध्ये ३५ किलोमिटर सडक लमजुङमा पर्छ भने मनाङमा ३० किलोमिटर रहेको छ।

हाल यस सडकलाई विस्तार गर्दै मनाङको माथिल्लो भेग खांसारसम्म सडक सञ्जाल पुऱ्याइएको आयोजनाले जनाएको छ। ट्र्याक खोलिएको लामो समयसम्म यस सडकखण्डको स्तरोन्नति हुन नसक्दा अन्नपूर्ण पदमार्गमा आउने पर्यटक तथा स्थानीयवासीले सास्ती खेप्नुपरेको थियो। पर्यटकीय क्षेत्रका रूपमा रहेको मनाङमा आउने आन्तरिक तथा बाह्य पर्यटक जोखिमयुक्त स्थलमार्गबाट आवत-जावत गर्छन्। अन्नपूर्ण पदमार्गअन्तर्गतको मनाङ डिस्याङ गाउँपालिका-८ स्थित थोरांला भञ्ज्याङको पाँच हजार चार सय १६ मिटर उचाइबाट कटेर मुस्ताङ निस्कने गरिन्छ।

श्री रामेछाप जिल्ला अदालतबाट प्रतिवादीको नाममा जारी भएको इतलायनामा

मुद्दा नं. ०७९-C४-००२२ (गाली वेइज्जती)

मंगली विश्वकर्माको छोरी झापा जिल्ला दमक न.पा. वडा नं. २ बेलडाँगी बस्ने अं बर्ष ४२ की मोनमाया विश्वको नाउँको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६३(१०) बमोजिम २१(एक्काईस) दिने सूचना म्याद...

उप्रान्त वादी अर्जुन कुमार आलेले तपाईका उपर मिति २०८०/०१/२८ गते गाली बेइज्जती मुद्दाको फिराद पत्र दर्ता गराएकोले यस अदालतको मिति २०८०/१०/०३ गतेको आदेशानुसार यो सूचना म्याद प्रकाशित गरिदिएको छ। यो म्याद सूचना प्रकाशित भएको मितिले बाटाका म्याद बाहेक २१(एक्काईस) दिन भित्र आफैं वा आफ्नो कानुन बमोजिमको प्रतिनिधि मार्फत प्रतिउत्तर पत्र लिई आउनुहोला अन्यथा म्याद गुजारी बसेमा मुद्दा कानुन बमोजिम हुनेछ पछि तपाईको उजुरबाजुर लाग्ने छैन। इति संवत २०८० साल माघ ११ गते रोज ५ शुभम्........

नबिलले सुरु गर्‍यो 'दक्ष प्रवासी उद्यमशील कर्जा'

काठमाडौं/ नबिल बैंक लिमिटेडले विदेशबाट फर्किएका युवा तथा विदेशमै रहेका युवाहरूको परिवारलाई लक्षित गरेर नयाँ कर्जा योजना सार्वजनिक गरेको छ।

देशले युवा जनशक्तिको अपेक्षित लाभ उठाउन नसकेको, वैदेशिक रोजगारीमा जाने क्रम निरन्तर बढेको, विदेशबाट फर्केका युवाहरूले पर्याप्त पुँजीको अभावमा आफ्नो सिपको उपयोग गरी उद्यमशीलता विकास गर्न नसकेको जस्ता समस्या समाधानको लक्ष्यले 'नबिल दक्ष प्रवासी उद्यमशील कर्जा' योजना सुरु गरेको हो।

कर्जा योजनाको सुरुवात गर्दै श्रम रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले बैंकको यस्तो योजनाले बिदेसिएको दक्ष र बौद्धिक जनशक्तिलाई नेपाल फर्काउन ठूलो मद्दत पुग्ने विश्वास व्यक्त गरे।

